म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ५७ मंगलबार ९ असोज २०८० ने. सं. ११४३ ञलाथ्व 26 September 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

साझाकुरा

www.sajhakuranews.com

## रातोमाटेबाट सुर्ती र चिनी बरामद

हेटौंडा, ८ असोज/भन्सार छलेर ल्याएको सुर्ती र चिनी जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट बरामद गरेको छ ।

पूर्वपश्चिम राजमार्ग अन्तर्गत रौतहटबाट काठमाडौंतर्फ जाँदै गरेको ना ५ ख २६९४ नम्बरको यात्रुबाहक बसबाट सुर्ती र चिनी बरामद गरिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । प्रहरीका अनुसार बसको जाँच गर्ने क्रममा बसको पछाडिको डिक्किबाट सुर्ती ५ बोरा (१ सय ७० केजी) र चिनी ८० किलोग्राम फेला परेको हो । फेला परेको समानको बिलमा उल्लेख भएको परिमाण भन्दा फरक परेकोले समान नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

## 'एमएमसी'लाई विश्वविद्यालय बनाउने पहलसँगै प्रदेश सरकारले माग्यो आवेदन

साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/ बागमती प्रदेश सरकारले प्रादेशिक विश्वविद्यालय स्थापना गर्ने प्रक्रिया अघि बढाएको छ । बागमती प्रदेशमा विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापना प्रक्रिया अगाडि बढाएको हो ।

केही समयदेखि मकवानपुर बहुमुखी क्याम्पसलाई प्रादेशिक विश्वविद्यालय बनाउने बिषयमा तीब्र बहस भइरहेको समयमा प्रदेश सरकारले सूचना प्रकाशन गरेको हो । प्रदेश उच्चशिक्षा ऐन २०७८ बनेको डेढ वर्षपछि प्रदेश सरकारले विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापना तथा सञ्चालनका लागि प्रक्रिया अगाडि बढाउने आशयको सूचना प्रकाशन गरेको छ ।




बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय मातहत रहेको प्रदेश उच्चशिक्षा परिषद्को सचिवालय, हेटौंडाले विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापनाका लागि सार्वजनिक सूचना माग गरेको हो । प्रदेश उच्चशिक्षा परिषद्को सचिवालयले आइतबार ३० दिने सार्वजनिक सूचना जारी गर्दै प्रदेश उच्चशिक्षा ऐनको अनुसूचीमा व्यवस्था भएअनुसारको विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापनाका लागि आवश्यक पर्ने मापदण्ड तथा पूर्वाधार पुगेका इच्छुक क्याम्पस तथा शैक्षिक संस्थालाई रीतपूर्वक आवेदन दिन सूचित गरेको छ ।

ऐनमा प्रदेश सरकारले प्रादेशिक विश्वविद्यालय स्थापना गर्न सक्ने, मुनाफा नगर्ने सामुदायिक वा मानित विश्वविद्यालय स्थापना तथा सञ्चालन हुन सक्ने शैक्षिक उपाधि प्रदान गर्न सक्ने स्वायत्त प्रतिष्ठान स्थापना गर्न सकिने र यसका लागि परिषद्को सिफारिसमा प्रदेश सरकारको स्वीकृतिले स्थापना हुने व्यवस्था गरिएको छ । यो सूचनासँगै मकवानपुर बहुमुखी क्याम्पसलाई प्रादिशिक विश्वविद्यालय निर्माण गर्ने बाटो खुलेको छ । मुलुकमा भबिश्य नभएको भन्दै माध्यमिक तहको अध्ययन पूरा गरेपछि विदेशिने क्रम बढेपछि नेपालका करिब ढेड दर्जन विश्वविद्यालयले उच्चशिक्षा अध्ययन गर्ने विद्यार्थी पाउन छाडेको अवस्था छ ।

प्रदेश उच्चशिक्षा नियमावलीमा विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्न आवेदन दस्तुर एक लाख रुपैयाँ र स्वीकृति दस्तुर पाँच लाख रुपैयाँ बुझाउनु पर्ने छ । यस्तै उच्चशिक्षा प्रदान गर्ने शैक्षिक संस्थाले निवेदन दस्तुरबापत ७५ हजार रुपैयाँ र स्वीकृत दस्तुरबापत तीन लाख रुपैयाँ बुझाउनुपर्ने व्यवस्था रहेको छ । मकवानपुर बहुमुखी क्याम्पसलाई प्रदेशको सार्वजनिक विश्वविद्यालय बनाउने बिषयमा केही दिन अघि सर्वदलीय सहमति भएको थियो ।

यसअघि मुख्यमन्त्री शालिकराम जम्कट्टेलको अध्यक्षतामा बसेको सर्वदलीय बैठकमा मकवानपुर बहुमुखी क्याम्पसलाई प्रदेशको सार्वजनिक विश्वविद्यालय बनाउने सहमति भएको मकवानपुर बहुमुखी क्याम्पसका क्याम्पसप्रमुख शंकर उपाध्यायले साझाकुरालाई बताए । प्रादेशिक विश्वविद्यालय रोजगार मूलक तथा प्राबिधिक शिक्षालाई प्राथमिकता दिनेगरी स्थापना गर्ने तयारी गरिएको छ । प्रदेश उच्चशिक्षा परिषदले पनि कृषि, प्राबिधिक, रोजगारमूलक बिषय अध्यापन गराउने विश्वविद्यालय, प्रतिष्ठानलाई प्राथमिकता दिन चाहेको जनाएको छ ।

यसअघि २५ असारमै बागमती प्रदेशको प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको नेतृत्वमा हेटौंडाको सामुदायिक क्याम्पस मकवानपुर बहुमुखी क्याम्पसलाई विश्वविद्यालयको रुपमा अघि बढाउनको लागि पाँच सदस्यीय समिति निर्माण गरिसकेको छ । क्याम्पसका पूर्वअध्यक्ष समेत रहेको पौडेलको समितिमा क्याम्पसका पूर्वअध्यक्षहरु माइकल रामचन्द अर्याल, प्रल्हाद लामिछाने, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान रहेको समिति निर्माण भएको हो ।

समितिको सदस्यसचिवमा क्याम्पसका सहायक क्याम्पसप्रमुख डा. यम सिलवाल रहेका छन् । क्याम्पस सञ्चालक समिति तथा सरोकारवालाको बैठकले हेटौंडामा विश्वविद्यालयको आवश्यक्ता रहेको र प्रदेश सरकारले पनि प्रदेश विश्वविद्यालयको अवधारणालाई प्राथमिकताको साथ अघि बढाएको भन्दै मकवानपुर बहुमुखी क्याम्पसलाई नै विश्वविद्यालयको रुपमा अघि बढाउने गरी काम गरहेको क्याम्पसप्रमुख उपाध्ययले बताए ।

मुख्यमन्त्री जम्कट्टेलले मकवानपुरका सबै राजनीतिक दलको मेहेनतले मकवानपुर बहुमुखी क्याम्पस संचालन गरेको र मुलुकको व्यवस्था परिवर्तन भएसँगै अहिले बागमती प्रदेश राजधानीमा प्रदेशस्तरको विश्वविद्यालयको जरुरी रहेको बताएका थिए । मुख्यमन्त्री जम्कट्टेल प्रदेश उच्चशिक्षा परिषद्को अध्यक्ष पनि हुन् । कानुनी प्रक्रिया, ऐनले दिएको, नियमावलीले व्यवस्था गरेअनुसार अगाडि बढ्न थुप्रै चिजहरु बाँकी रहेको र यो छलफलले एउटा बाटो खुलेको मुख्यमन्त्री जम्मकट्टेलले केहीदिन अघिको बैठकमा बताएका थिए ।

मकवानपुर बहुमुखी क्याम्पसको भौतिक पूर्वाधार सबै पुगेपनि विश्वविद्यालयका लागि जग्गा नपुग्ने हुँदा तुरुन्तै व्यवस्था गर्नुपर्ने अवस्था रहेको बताइएको छ । मुख्यमन्त्री जम्मकट्टेलको धारणा भने भौतिक संरचनामा खर्च नगर्ने भन्ने हो । विश्वविद्यालयमा कृषि, स्वास्थ्य र प्राविधिक विषयलाई प्राथमिकता दिने र त्यसका लागि विज्ञहरुको प्रतिवेदन आइसकेको बताइएको छ ।

सबैभन्दा धेरै विद्यार्थी अध्ययन गर्ने क्याम्पसको रुपमा पहिचान बनाएको मकवानपुर बहुमुखी क्याम्पसमा दशजोड दुईदेखि स्नाकोत्तरसम्म ६ हजार भन्दा धेरै विद्याथी अध्यनरत छन् । मकवानपुर लाई शैक्षिक नगरी बनाउने उदेश्यले क्याम्पसले विभिन्न जिल्लामा आफ्ना शैक्षिक कार्यक्रमबारे कार्यशाला गर्दै आएको छ ।

## बागमतीमा क्यान्सर उपचारका लागि पाँच अस्पतालसँग सम्झौता

साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/ बागमती प्रदेश सरकारले पाँच अस्पतालसँग क्यान्सर उपचारका लागि सम्झौता गरेको छ । चितवनका पाँच अस्पतालमा क्यान्सरको उपचार गर्दा प्रदेश सरकारले ५० हजार रुपैयाँ बराबरको खर्च व्यहोर्ने भएको हो । यससम्बन्धी सम्झौतासमेत गरिएको छ ।

प्रदेश सरकारको स्वास्थ्य मन्त्रालय र अस्पतालबीच सम्झौता गरिएसँगै प्रदेशभित्रका बिरामीले ती अस्पतालमा उपचार गर्दा ५० हजार रुपैयाँ थप छुट पाउने भएका छन् । संघीय सरकारले दिने एक लाख रुपैयाँ खर्च भएपछि बिरामीले थप ५० हजार उपचार खर्च पाउने भएका हुन् ।

सम्झौता गरिएका अस्पतालमा बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, चितवन मेडिकल कलेजको सिएमसी क्यान्सर इन्स्टिच्यूट, नेशनल सिटी हस्पिटल र भरतपुर सेन्ट्रल हस्पिटल रहेका छन् । बकुलहर रत्ननगर अस्पतालसँग यसअघि नै सम्झौता भइसकेको छ । यससँगै बागमती प्रदेशभित्रका क्यान्सरका बिरामीले उपचार गर्दा एक लाख ५० हजार रुपैयाँ बराबरको औषधि उपचारसेवा नि:शुल्क पाउनेछन् । प्रदेश सरकारले यसअघि नै प्रदेशका अन्य २४ अस्पतालसँग यससम्बन्धी सम्झौता गरिसकेको छ ।




सम्झौता गरेका अस्पतालमा प्रदेशअन्तर्गतका १३ अस्पताल, पाटन अस्पताल, वीर अस्पताल, धुलिखेल अस्पताल, कान्ति बालअस्पताल, परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर रहेका छन् । यसैगरी शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर, सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र, त्रिवि शिक्षण अस्पताल, निजामती कर्मचारी अस्पतालमा पनि ५० हजार रुपैयाँ बराबरको क्यान्सर रोगको उपचार नि:शुल्क पाइने सम्झौता भइसकेको छ ।

प्रदेशका स्वास्थ्यमन्त्री उत्तम जोशीले क्रमश: स्वास्थ्यसेवा नि:शुल्क गरिनुपर्ने बताए । आर्थिक रुपमा विपन्न भएकै कारण उपचार बाट बञ्चित हुन नपरोस भन्नका लागि प्रदेश सरकारले सामाजिक स्वास्थ्य सुरक्षाका विभिन्न कार्यक्रम ल्याएको मन्त्री जोशीले बताए । उनले भने, 'उपचार नपाएर कसैको अकालमै ज्यान नजाओस भनेर यी कार्यक्रम ल्याइएका हो ।', प्रदेश सरकारले हृदयरोगको उपचारका लागि एक लाख १० हजार रुपैयाँ, रगत नि:शुल्क, सीमान्तकृत जातिको स्वास्थ्य बीमा, आश्रितको स्वास्थ्य बीमा, स्वास्थ्य स्वयंसेविकाको स्वास्थ्य बीमालगायतका सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रम ल्याएको छ ।

## मकवानपुरमा भाइरल ज्वरोका बिरामी बढ्दै

साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/ मकवानपुरको हेटौंडा उपमहानगर पालिका क्षेत्रका विभिन्न वडामा अहिले भाइरल ज्वरोका बिरामी बढ्न थालेका छन् ।

मदनभण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा सञ्चालित हेटौंडा अस्पतालमा अहिले दैनिक एक सय ५० जनासम्म भाइरल ज्वरोका बिरामी उपचारका लागि आउने गरेका अस्पतालले जानकारी दिएको छ ।

ओपिडीमा परीक्षण गर्न आएकामध्ये हाल ८५ जना बिरामीलाई आन्तरिक कक्षमा भर्ना गरी उपचार भइरहेको अस्पतालमा मेसु डा. रामचन्द्र सापकोटाले जानकारी दिए । उनका अनुसार जिल्लाको दुर्गम क्षेत्रबाट पनि भाइरल ज्वरोका बिरामी उपचारका लागि आउने गरेका छन् । जिल्लाको थाहा नगरपालिकाका साथै आठ गाउँपालिकाको विभिन्न वडा र टोलमा भाइरल ज्वरोबाट नागरिक प्रभावित भएका जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।



स्थानीय पालिकामा रहेका स्वास्थ्यचौकी, उपस्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्यकेन्द्रलगायत निजी अस्पतालमा समेत केही दिनयता भाइरल ज्वरोका बिरामीको संख्या बढेको स्वास्थ्य कार्यालयका अधिकृत लक्ष्मण घिमिरेले जानकारी दिए । उनले जिल्लाका सबै स्वास्थ्य कार्यालय तथा जनस्वास्थ्यमा आवश्यक औषधिसहित चिकित्सक र स्वास्थ्यकर्मीलाई सम्पर्कमा राखी छिटोछरितो उपचार सेवा पुर्‍याउन निर्देशन दिइएको उल्लेख गरे ।

## टिभिएसको च्याम्पियन्स एक्स्चेन्ज मेला हुने




साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/ हेटौंडाको मेनरोड रानी दरबार अगाडि रहेको हेटौंडा अटोमार्टमा टिभिएसको ५ दिने 'च्याम्पियन्स एक्स्चेन्ज' मेला हुने भएको छ ।

मेला आज मंगलबारबाट १३ गतेसम्म सञ्चालन हुने टिभिएसको आधिकारिक बिक्रेता हेटौंडा अटोमार्टका सञ्चालक प्रवेशराज बरुवालले जानकारी दिए । दशैंतिहारलगायत चाडपर्वको अवसरमा टिभिएसले ल्याएको 'हर मोडमा उमंग' अफर अन्तर्गतका छुटसहित अन्य विशेष छुट र सुविधा एक्स्चेन्ज मेलामा ग्राहकले प्राप्त गर्ने बरुवालले जानकारी दिए । उनका अनुसार पुराना जुनसुकै मोटरसाइकल तथा स्कुटर एक्स्चेन्ज गरी नयाँ टिभिएस मोटरसाइकल तथा स्कुटर विशेष छुटमा नयाँ मोटरसाइकल तथा स्कुटर खरिद गर्ने अवसर ग्राहकलाई मिल्नेछ ।

टिभिएसका मोटरसाइकल तथा स्कुटर खरिदमा ग्राहकले १० लाख रुपैयाँसम्म जित्ने मौका प्राप्त गर्न सक्नेछन् । योजनाअन्तर्गत नकिन्दै एक लाख रुपैयाँ जित्ने मौका र खरिद गरेपछि दस लाख रुपैयाँसम्म जित्ने मौका मिल्ने छ । हरेक महिना १०० प्रतिशत क्यास ब्याक जित्ने अवसरका साथ एक भाग्यशाली विजेताले बम्परमा १० लाखसम्म जित्ने अवसर पनि रहेको कम्पनीले जनाएको छ ।

साथै, कम्पनीले मोटर साइकल तथा स्कुटर एक्चेन्जमा १० हजारसम्म थप मूल्यांकन तथा शुन्य प्रतिशत ब्याजदर र २५ प्रतिशत डाउनपेमेन्टमा मोटरसाइकल तथा स्कुटर खरिद गर्न सक्नेछन् ।

नेपालका लागि टिभिएसको अधिकारिक बितरक कम्पनी जगदम्बा मोटर्सले आकर्षक अफरहरु सहित च्याम्पियन्स एक्सचेन्ज अफरको घोषणा गरेसँगै टिभिएसका मोटर साइकल तथा स्कुटरको ईन्जिनमा लाईफ टाइम वारेन्टीको ब्यवस्था समेत गरेको जगदम्बा मोटर्सले जनाएको छ ।

## मकवानपुरमा राहदानी बनाउन दिए, लिन आएनन्



साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/ जिल्ला प्रशासन कार्यालय मकवानपुरमा राहदानी विभाग काठमाडौंबाट बनेर आएका थुप्रै राहदानी थन्किएर बसेको छ ।

मकवानपुरबासीले सन २०१२ देखि बनाउन दिएको राहदानी हालसम्म पनि प्रशासन कार्यालयमै थन्किएको पाइएको हो । जिल्लाका १० वटै स्थानीय तहका बासिन्दाले जिल्ला प्रशासन कार्यालयमा आएर राहदानी बनाउन आवेदन दिने व्यवस्था छ । जसअनुसार यसअघि राहदानी बनाउन दिएर हालसम्म पनि लिन नआउनेहरुको संख्या बढ्दो क्रममा छ । राहदानी बनाउन आवश्यक आवेदन दिएका सेवाग्राहीले बनेर आएका राहदानी लिन नआएको राहदानी शाखाका प्रशासकीय अधिकृत आशाबहादुर थिङलामाले जानकारी दिए ।

'हामीकहाँ केही थान २०१२ देखिकै राहदानी छन् तर, सेवाग्राही लिनै आउँदैनन् ।' लामाले भने, '१ सय ६३ थान राहदानी बनेर आइपुगेको छ । सम्बन्धित व्यक्तिले कार्यालयमा आएर लैजान आग्रह गर्दछु ।', प्रशासनमा इ-पासपोर्ट पनि धेरै समयदेखि सेवाग्राही लिन नआएको उनको भनाई छ । कार्यालयले सन् २०२१ देखि इ-पासपोर्ट वितरण सुरु गरेको थियो । ई-पासपोर्ट आर्थिक वर्ष २०७९/८०मा मात्रै २१ हजार ६ सय वितरण गरिएको लामाले बताए । सेवाग्राहीले राष्ट्रिय परिचयपत्र समेत लिन नआएको प्रशासनले जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# औद्योगिक वातावरण कहिले बन्छ ?

मयुरधापमा औद्योगिक क्षेत्र संचालनमा आएको खण्डमा उद्योग स्थापनाको तयारीमा रहेका तीन सय लगानीकर्ताको निबेदन अलपत्र परेको छ । मयुरधापमा औद्योगिक प्रतिष्ठान स्थापना गर्ने तयारीमा बसेका धेरै लगानीकर्ता निराश भएर अन्यत्र पलायन भइसकेका छन् । मुलुकमा लगानीमैत्री वातावरण निर्माण नभएकै कारण युवा जनशक्ति मात्र पलायन भएको छैन पूँजी पनि पलायन भइरहेको छ । विदेशमा उच्चशिक्षा अध्ययन गर्ने नाममा नेपालबाट वार्षिक झण्डै दुई खर्ब रुपैयाँ विदेशिने गरेको छ । त्यसमध्य करिब ६० अर्ब रुपैयाँ त अष्ट्रेलियाले मात्र लगिरहेको छ । त्यस्तै नेपालमा लगानी गरी रोजगार सृजना गर्नसक्ने रकम हुण्डीमार्फत अरबौं रुपैयाँ विदेशिएको छ । तर, हाम्रो सरकारको नेतृत्व गर्ने ब्यक्तिलाई सत्ता टिकाउने ध्यान भन्दा बाहेक केही उपलब्धी हुन सकेको छैन । हेटौंडा-१४ मयुरधापमा नयाँ औद्योगिक क्षेत्र स्थापनाको काम सुरु भएसँगै जग्गा प्राप्तिका लागि लगानीकर्ताले निवेदन लिएर आए तर, उद्योग स्थापना गर्ने मिति नजुरेपछि निराश बनेर फर्किएका छन् ।

मयुरधापमा निर्माण थालिएको नयाँ औद्योगिक क्षेत्रको काम केहीवर्ष पर्सा राष्ट्रिय निकुञ्जले रोक्यो । राष्ट्रिय निकुञ्जले आफ्नो वन्यजन्तुको संरक्षण गर्न मध्यवर्ती क्षेत्रमा उद्योग स्थापना गर्न नदिने अडानमा रोकेको थियो । केही समय स्थानीय सामुदायिक वन समितिले रोक्यो । पछिल्लो समय वन मन्त्रालयले फाईल अड्काएपछि लगानीकर्ता निराश नहुने कुरै भएन । औद्योगिक क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षण (आईई) प्रतिवेदन निर्माणका क्रममा वन तथा वातारण मन्त्रालयले स्वीकृति नदिएपछि काम अगाडि बढ्न नसकेको हो । मन्त्रालयले औद्योगिक क्षेत्र पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र पर्ने भन्दै आपत्ती जनाएपछि कुनैपनि काम हुन सकेको छैन । वन मन्त्रालयले आईई प्रतिवेदन स्वीकृत नगर्दा भौतिक पूर्वाधार निर्माणको काम अगाडि बढाउन सकिएको छैन । औद्योगिक क्षेत्रको भोगाधिकार सहितको प्रमाणपूर्जा प्राप्त गरी विस्तृत परियोजना प्रतिवेदन (डीपीआर ) पनि स्वीकृत भएको छ । प्रस्तावित औद्योगिक क्षेत्रको जमिन तारबार र प्लटसमेत छुट्याउने काम भइसकेका छ । गतवर्ष आईई प्रतिवेदन तयार गरी वन मन्त्रालयमा स्वीकृति माग्दा मन्त्रालयले स्वीकृति दिन आनाकानी गरिरहेको छ । त्यसयता कुनै काम नै अघि बढ्न सकेको छैन । औद्योगिक क्षेत्र स्थापनाको लागि सरकारले दुई वर्षदेखि बजेटसमेत विनियोजन गरिरहेको छ तर, काम हुन नसक्दा बजेट फ्रिज हुने गरेको छ । सरकारले पहिल्यै यो स्थान औद्योगिक क्षेत्र स्थापना गर्न उपयुक्त छैन भनेको भए राम्रो हुने थियो । आधा काम भइपछि रोक्दा लगानीकर्ता निराश बनाउने खेल मात्र खेलियो । यो खेल कस्ले खेलिरहेको छ ? किन खेलिरहेको छ ? यो बिषयमा बहस हुनु जरुरी छ । प्रत्येक वर्ष सरकारले बजेट विनियोजन गरेपनि काम हुन सकेको छैन । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले मयुरधाप औद्योगिक क्षेत्रको परियोजना कार्यालयसमेत स्थापना गरी ७ जनाको दरबन्दी तोकेर कर्मचारी खटाएको थियो ।

औद्योगिक क्षेत्र निर्माणमा बाधा पुगेपछि हेटौंडा उपमहानगरपालिकाले औद्योगिक क्षेत्र बन्न लागेको जग्गासहित वडालाई मध्यवर्ती क्षेत्रभन्दा बाहिर राख्ने निर्णय गरी मन्त्रालयमा सिफारिस गरेको थियो । मन्त्रालयले हालसम्म कुनै निर्णय गरेको जानकारी प्राप्त भएको छैन । चुरेको खहरे उकास जमिनमा औद्योगक क्षेत्र स्थापना गर्न ८ वर्षअघि मन्त्रिपरिषद्ले निर्णय गरेको थियो । २०७२ चैत १ गतेको मन्त्रिपरिषद् बैठकले मयुरधापमा नयाँ औद्योगिक क्षेत्र बनाउने निर्णय, २०७३ साउन ६ गते औद्योगिक क्षेत्र स्थापना गर्ने जग्गाको लालपूर्जा मयुरधाप औद्योगिक क्षेत्रको नाममा नामसारी गर्ने निर्णय भएको थियो । प्रारम्भिक चरणमा औद्योगिक क्षेत्रको जमिनलाई चारदेखि १४ रोपनीसम्मका ६३ वटा प्लटमा विभाजित गरिएको छ । तीन सय जना लगानीकर्ताले नयाँ औद्योगिक क्षेत्रमा औद्योगिक प्रतिष्ठान स्थापना गर्न आसयपत्र (निबेदन) दिएका छन् । घोषणा भएको आठ वर्ष लागिसक्दा पनि औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण कार्य अलपत्र छ । वि.स. २०७७ फागुण १४ गते तत्कालीन उद्योगमन्त्री लेखराज भट्टले औद्योगिक क्षेत्रको शिलान्यास गरेर शिलान्यास प्रेमको अर्को नमूना प्रस्तुत गरे । मयुरधाप औद्योगिक क्षेत्र २०७७ भित्रै सञ्चालन गर्ने योजना थियो । तर, २०८० सम्म पनि प्रक्रिया अगाडि बढ्न सकेन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असोज १० गते बुधबार २७ सेप्टेम्बर २०२३ । त्रयोदशी, भाद्र शुक्लपक्ष । ञलाथ्व ११४३ ने.सं. । सूर्योदय ५:५५, सूर्यास्त ५:५३ । विश्व पर्यटक दिवस । प्रदोष व्रत

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : पवित्र कर्ममा मन जानेछ | तुला | : शत्रु पराजय हुनेछ |
| वृष | : घरेलु समस्याले सताउने देखिन्छ | वृश्चिक | : बुद्धि र पराक्रम बढ्नेछ |
| मिथुन | : महत्वपूर्ण भेटघाट हुनेछ | धनु | : नातागोतासँग भेटघाट हुनेछ |
| कर्कट | : उपहार हात लाग्नसक्नेछ | मकर | : रोकिएको कामहरु बन्नेछ |
| सिंह | : मानसिक तनाव बढ्नेछ | कुम्भ | : आनन्दको महसुस हुनेछ |
| कन्या | : मनमा छट्पटि बढ्नेछ | मीन | : मन चञ्चल हुनेछ |

# शिक्षा क्षेत्रका समस्याबाट भागिरहेका दल र शिक्षक युनियन



✍ डम्बर खतिवडा




राम्रो भयो कि शिक्षक आन्दोलनले देशको शिक्षा क्षेत्रका समस्यालाई फेरि एकपटक सार्वजनिक बहसमा ल्यायो । सबैलाई थाहा छ- देशको शिक्षा क्षेत्र दशकौं लामो 'क्रोनिक' समस्याले कचल्टिएको छ । शिक्षाका समस्याको कुनै एक आयाम छैन । यसभित्र नीतिगत र संरचनागत दुवै प्रकारका भयावह समस्या छन् । तर, त्यसलाई ठीक ढंगले बुझ्ने, पर्गेल्ने र सही समाधान वा निकास दिने प्रयत्न कसैले गरिरहेको थिएन । अहिले पनि त्यो काम गम्भीरतापूर्वक भइरहेको छैन ।

विद्यालयको पठनपाठन रोकेर शिक्षकहरू देशभरिबाट काठमाडौं आए । माइतीघरदेखि नयाँबानेश्वरसम्मलाई आन्दोलनको केन्द्र बनाएर तीन दिन प्रदर्शन गरे । राजधानीको यातायात प्रणाली तीन दिन तहसनहस भयो । सरकारले तुरुन्तै वार्ताको आफवान गऱ्यो । वार्ता भयो र सम्झौता पनि भयो । यो सम्झौता पढ्दा त्यसमा शिक्षा क्षेत्रका 'क्रोनिक' समस्याको कुनै नीतिगत तथा संरचनागत समाधान भए जस्तो लाग्दैन । तर, दुवै पक्ष सहमत र सन्तुष्ट छन् भने अरूले किन टाउको दुखाउनु पऱ्यो भन्ने तर्क पनि आउँला ।

सरकारलाई आन्दोलन तुहाउनु थियो । जसोतसो स्थितिलाई साम्य र सामान्य पार्नु थियो । राज्य चलाउने दल र तिनका नेताहरूलाई शिक्षक युनियनहरूको शक्ति राम्रो थाहा छ । किनकि ती उनीहरूकै भ्रातृ संगठन हुन् । शिक्षकहरू पनि काठमाडौंका सडकमा लामो समय टिक्न सक्ने कुरा थिएन । हद से हद हप्ता दिन टिक्थे होला । काठमाडौंकेन्द्रित भएका शिक्षकहरू जिल्ला-जिल्ला फर्किन थाले पनि आन्दोलनको चर्चा, राप र ताप सेलाउन स्वाभाविक हुन्थ्यो ।

तसर्थ दुवैले बहाना खोजे र एउटा सम्झौता गरे । सम्झौता यदि इमानदारीपूर्वक लागू भए शिक्षकहरूको पेशागत प्रश्नलाई केही हदसम्म सम्बोधन गर्ला तर शिक्षा क्षेत्रका बाँकी समस्या भने जस्तोको त्यस्तै रहने छन् । जबकि देशको शिक्षा क्षेत्रलाई दशकौंदेखि थाती समस्याको एकमुष्ट समाधान चाहिएको थियो । तर, यसो हुनुमा मुख्य दोषी शिक्षक युनियनहरू हैनन् । तिनको त उद्देश्य नै पेशागत हकहितका लागि संघर्ष गर्नु हो, तसर्थ उनीहरूले त्यही गर्ने नै भए ।

त्यो भिन्नै कुरा हो कि शिक्षक युनियनहरूले चाहिं समग्र शिक्षा क्षेत्रको सुधारको कुरा उठाउन हुँदैन, सधैं र केवल पेशागत हकहितका मुद्दा उठाउनुपर्छ भन्ने कतै लेखेर लाहाछाप लागेको छैन । अन्तत: जिम्मेवारी दल र नेता, संसद र सरकारसँगै थुरिने हो । यिनले के सोच्दै होलान् अहिले भन्ने जिज्ञासा थियो मनमा ।

संयोगको कुरा हो कि- हिजो मात्रै एक कार्यक्रममा राजनीतिक दलका प्रतिनिधिहरूको शिक्षा क्षेत्र बारेको ताजा धारणा सुन्ने अवसर पाए । शिक्षाका लागि राष्ट्रिय अभियान नामक संस्थाको २०औं वार्षिक उत्सव थियो- राष्ट्रिय सभागृहमा । प्रमुख अतिथि थिए शिक्षामन्त्री अशोक राई । शिक्षा क्षेत्रसँग सम्बन्धित संसदीय समितिका सभापति भानुभक्त जैसी, एमालेका योगेश भट्टराई, नेपाली कांग्रेसका बद्री पाण्डे, माओवादी केन्द्रका दिननाथ शर्मा लगायत थुप्रै संघीय र प्रदेश सभाका सदस्य पनि थिए । आयोजकहरूले मलाई पनि आमन्त्रित गरेका थिए त्यो कार्यक्रममा । मेरो कार्यभार थियो- एक स्वतन्त्र र सार्वभौम नागरिकका रूपमा शिक्षा क्षेत्रका समस्यालाई बुँदागत रूपमा उठान गर्नु । पहिलो 'किनोट स्पिच' थियो मेरो ।

आफ्नो बोल्ने पालो सुरुमै सकिए पनि धैर्यपूर्वक सबैका कुरा सुन्न बसें । दुर्भाग्यको कुरा कसैका कुनै नीतिगत गम्भीरता मैले पाइनँ । सबै उम्किन चाहन्थे, जसोतसो चिप्ला, चिल्ला कुरा गरेर । समस्याको गहिराइसम्म जाने, सरकार, आफ्नो पार्टी वा संसदीय दलको तर्फबाट प्रतिबद्धता गर्ने हैसियत र मूडमा कसैलाई पाइनँ । लाग्थ्यो- उनीहरू शिक्षा क्षेत्रको समस्याको बहसबाट डराएर भागिरहेका छन्, तिनले समाधान वा निकास के देलान् ?

मैले शिक्षा क्षेत्रका ११ वटा समस्या उठाएको थिएँ त्यहाँ । तर, अक्सर वक्ताले ती प्रश्नमा प्रवेश नै गर्न चाहेनन् । तसर्थ सार्वजनिक बहसका लागि आलेख मार्फत यहाँ राखिदिएको छु । यी प्रश्नमा प्रवेश नै नगरिकन, यी सवालसँग डराएर, भागेर के शिक्षा क्षेत्रका समस्या समाधान होलान् ? भए राम्रो । तर, बिल्कुलै हुनेवाला छैन ।

पहिलो- संविधानको मर्म र शिक्षा क्षेत्रसँगको अन्तरसम्बन्धको प्रश्न हो । संविधानमा 'समाजवाद-उन्मुख' राज्य लेखिएको छ । शिक्षाको अधिकारलाई मौलिक हकभित्र राखिएको छ । आधारभूत शिक्षा नि:शुल्क र अनिवार्य हुने भनिएको छ । माध्यमिक विद्यालय शिक्षा नि:शुल्क हुने भनिएको छ । के संविधानको यो प्रावधान र अहिलेको शिक्षा क्षेत्रको अभ्यास मिल्छ ? मिल्दैन भने कि संविधान संशोधन गर र शिक्षालाई नि:शुल्क र अनिवार्य मौलिक हक नबनाऊ कि अभ्यासलाई संविधान अनुरूप बनाऊ ! के यी दुईमध्ये एक बाटो रोज्न पर्दैन राज्यले ? के यो मौन बसेर उम्किने वा भाग्न मिल्ने प्रश्न हो ?

दोस्रो- शिक्षा क्षेत्रको बजेट अनुपातको प्रश्न हो । समाजवादी वा लोककल्याणकारी राज्यहरूमा शिक्षा क्षेत्रको बजेट कम्तीमा २० प्रतिशत, औसत २०-३० प्रतिशतको बीचमा हुनुपर्ने मान्यता राखिन्छ । यो विश्वव्यापी प्रचलन पनि हो, संसारका धेरै देशले यो नीति लागु गरेका छन् ।

तर, नेपालको शिक्षा क्षेत्रको बजेट आजसम्म १७.५ प्रतिशत भन्दा कहिल्यै गएको छैन । सत्तरीको दशकयता यो हरेक आर्थिक वर्षमा घट्दै गएको छ । चालु आर्थिक वर्षको बजेटमा शिक्षा क्षेत्रमा ११.२ प्रतिशत बजेट छुट्याइएको छ । के हुनुपर्ने यस्तै हो ?

राज्यको आर्थिक क्षमताले भ्याउँदैन भन्ने कुरा उठ्ला । आर्थिक क्षमता भनेको समष्टिगत विषय हो । शिक्षा क्षेत्रमा बजेट छुट्याउने कुरा नीतिगत प्राथमिकताको कुरा हो । आर्थिक क्षमताले पुगेन भने विकास, निर्माण वा अन्य काम विस्तारै हुँदै जाला, अहिले पनि कुन धेरै विकास निर्माण भएको छ ? तसर्थ यो आर्थिक क्षमताको प्रश्न हैन, शिक्षा क्षेत्रमा नीतिगत प्राथमिकता नै नहुने हो ।

तेस्रो- निजी र सार्वजनिक विद्यालयहरू बीच तथाकथित गुणस्तरको भिन्नता हो । यो शिक्षा क्षेत्रको निजीकरण, व्यापारीकरण र निजी क्षेत्रको लगानी सुरक्षा र मुनाफा सुनिश्चितसँग जोडेर गरिएको एक प्रायोजित विभेद हो । आधुनिक लोकतान्त्रिक राज्यमा यस प्रकारको 'गुणस्तर विभेद' गर्न पाइँदैन । सरकारी स्कुललाई हिजोआज सार्वजनिक विद्यालय हैन, 'गरिबहरूको स्कुल' भन्न थालिएको छ । सरकारी स्कुलबाट करिब ५० प्रतिशत विद्यार्थी एसईईमा फेल भएबाट स्थिति झन् झन् कति भयावह हुँदैछ भन्ने प्रष्ट हुन्छ ?

चौथो- शैक्षिक प्रक्रियामा भाषाको विषय हो । निजी र सरकारी विद्यालय शिक्षामा विभेदको पहिलो कारण भाषा हो, गुणस्तर हैन । प्रारम्भमा राम्रो पढाइ हुन्छ भनेर अभिभावकले निजी स्कुलमा विद्यार्थी दिएका थिएनन् । सरकारी स्कुलमा नेपालीमा पढाई हुन्थ्यो र निजीमा अंग्रेजी माध्यममा । राज्यले पठनपाठनको भाषामा यस प्रकारको विभेदपूर्ण प्रचलन नगरेको भए आज निजी र सरकारी स्कुल बीचको दूरी यति गहिरो हुने थिएन ।

सामान्यत: भाषा केही हैन, यो अभिव्यक्तिको माध्यम हो, जुनसुकै भाषामा पढे पनि केही फरक पर्दैन, ज्ञान मुख्य कुरा हो भन्ने गरिन्छ, जो सत्य हैन । भाषाका मुख्य पाँच वटा आयाम हुन्छन् । एक- भाषा विचार र भावना अभिव्यक्तिको माध्यम हो । दुई- भाषा ज्ञान संचयन र पुस्तान्तरणको शक्ति हो । तीन- कला, साहित्य सृजना, संस्कृति निर्माण, प्रविधि संचालनको आधार हो । चार- भाषा मानवीय आत्मविश्वास, पहिचानको मान्यता र ऐतिहासिक गौरवको सम्पदा हो । पाँच- भाषा व्यक्तिको आर्थिक जीवनलाई सहज र सम्भावनायुक्त बनाउने एक प्रकारको अभौतिक पूँजी हो ।

यस मान्यता अनुरूप सबै विद्यायलको भाषा एउटै हुनुपर्दछ । त्यो नेपाली, अंग्रेजी र एक प्रादेशिक तीन भाषा विषय र बाँकी सबै विषय अंग्रेजीमा हुन आवश्यक छ । तर, यो विभेद जानाजान कायम राखिएको छ । किनकि यसले निजी विद्यालयको बजार र मुनाफा सुनिश्चित गर्छ । नीतिनिर्माता अधिकांश निजी क्षेत्रको स्वार्थबाट प्रभावित छन् । अहिलेका शिक्षामन्त्री अशोक राई आफैं एक निजी स्कुल र कलेजका सञ्चालक हुन्, उनी यस्ता प्रश्नमा किन प्रवेश गर्थे ?

पाँचौं- विद्यालयहरूको भौतिक पूर्वाधार सुधारमा केही प्रगति नभएको हैन तर त्यो पर्याप्त छैन । विशेषगरी सुदूरपश्चिम, कर्णाली र मधेश प्रदेशमा विद्यालयका भौतिक संरचना अहिले पनि धेरै कमजोर छन् । केही वर्षअघि दैलेख र जाजरकोट जिल्लाका स्कुल भवन देख्दा मलाई रुन मन लागेको थियो । त्यसयता केही सुधार भयो होला कि ?

गत निर्वाचनमा पूर्वप्रधानमन्त्री शेर बहादुर देउवाले मतादान गरेको केन्द्र रहेको विद्यालयको भवन सामाजिक सञ्जालमा भाइरल भएको थियो । पाँच पटक प्रधानमन्त्री भएका देउवाको मतदान गर्ने वडाको विद्यालय भवनको त्यो हालत थियो ।

छैटौं- बालबालिकाको पाठ्यपुस्तकको गुणस्तरमा कुनै भिन्नता गर्नुहुँदैन- विषयवस्तु र छपाइ प्रविधि दुवै पक्षमा । त्यसले बालबालिका र अभिभावक बीच मनोवैज्ञानिक समस्या सृजना गर्दछ ? कसैका राम्रा चिल्ला किताब र कसैका एकपल्ट पल्टाउँदै च्यातिने, एक वर्ष पनि नपुग्ने खालका किताबले ल्याउने मनोवैज्ञानिक हीनता र विद्वेष भयानक हुन्छ । कम्तीमा आधारभूत विद्यालय तहमा यस्तो भिन्नता र विभेद अक्षम्य हुनुपर्ने हो ।

सातौं- दलित, अतिविपन्न र अल्पसंख्यक परिवारका बच्चाहरूको शैक्षिक सिकाइ प्रभावकारिता र गुणस्तर सुधारका लागि आवासीय विद्यालयहरूको व्यवस्थाको प्रश्न हो । सामान्य र आम शिक्षा प्रणालीबाट यस्ता परिवारका बालबालिकाले अपवाद बाहेक शैक्षिक गुणस्तर सुधार गर्न सक्दैनन् । किनकि उनीहरूको परिवार र समुदायमा नै त्यस प्रकारको वातावरण हुँदैन । तसर्थ हरेक नगरपालिका वा ग्रामीण निर्वाचन क्षेत्रका एक/एक वटा त्यस्ता सरकारी आवासीय विद्यालय जरूरी पर्दछ ।

शिक्षण सिकाइ भनेको स्कुल आउने र जाने कुरा मात्र हैन । अभिभावक र समुदायको चिन्तन, चेतना तथा आर्थिकस्तरले समेत त्यसमा प्रभाव पार्दछ । यदि अहिलेको पुस्तामै सीमान्तकृत समुदायका बालबालिकालाई त्यस्तो अवसर नदिने हो भने यो समस्या अर्को पुस्तामा पनि दुश्चक्रका रूपमा सरेर पुग्दछ ।

आठौं- शिक्षकहरूको वृत्ति-विकासको पक्ष हो । सरकारी सेवामा भएका शिक्षकलाई कर्मचारी, सेना र प्रहरी सरह सुविधा दिन राज्यले विभेद गर्नुपर्ने कुनै कारण छैन । अझ कतिपय देशमा त शिक्षकहरूको मर्यादाक्रम र तलबभत्ता अन्य सरकारी जागिरेको भन्दा धेरै हुने प्रचलन हुन्छ । यो एउटा मात्र मागलाई हेर्ने हो भने शिक्षक आन्दोलनका माग सही हुन् ।

तर, शिक्षकहरूले पनि के बुझ्न जरूरी छ भने सार्वजनिक शिक्षाको गुणस्तर कमजोर हुनुको कारण तबलभत्ता कम हुनु मात्र हैन । यदि त्यसो हुन्थ्यो त उनीहरूभन्दा कम तलबभत्ता, सेवा-सुविधा र पेशागत असुरक्षा बीच काम गरिरहेका शिक्षकहरूले तुलनात्मक रूपमा राम्रो परिणाम दिने थिएनन् ।

शिक्षकहरूको सेवा-सुविधाको कुरा गर्दा सरकारी शिक्षकको मात्र कुरा गर्नु त्यो अर्को अन्याय हो । यसका संस्थागत विद्यालयका शिक्षक कर्मचारीको पनि कुरा जोडिनुपर्दछ । साथै स्थायी, अस्थायी, करार, राहत, निजी स्रोत अनेक प्रकारका उपवर्ग शिक्षकभित्र सृजना गरेर विभेद गर्ने राज्यको नीति अक्षम्य अपराध हो ।

नवौं- शैक्षिक प्रशासन संयन्त्र र शैक्षिक प्रशासनमा सुशासनको विषय हो । प्रधानाध्यापकहरूको नियुक्ति, प्रवृत्ति र कार्यशैली, विद्यालय व्यवस्थापन समितिको भूमिका र नियामक शैक्षिक प्रशासनको भूमिका यसमा जोडिएर आउँछन् । स्थानीय तहको राजनीतिक अहिष्णुता र पूर्वाग्रहले बिथोलेकै यहाँनेर हो । एउटा कुरा स्वीकार गर्नुपर्दछ- यदि यो पाटोबाट मात्र हेर्ने हो भने २०४६ सालयता भन्दा पञ्चायतकालमा यो तुलनात्मक रूपमा राम्रो थियो । डरले नै हुन सक्दछ, कम्तीमा शिक्षकहरूले पढाउनुपर्छ भन्ने भावना राख्थे । अहिले त अधिकांश शिक्षक आलटाल गरेर समय कटाउनतिर लाग्दछन् । कुनै न कुनै निहुँमा कक्षाकोठाबाट पलायन गर्ने प्रवृत्ति व्याप्त छ ।

प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मिलेर अनेक अनैतिक काम गर्दछन् । स्थानीय नियुक्ति, सरुवा-बढुवामा पक्षपात गर्दछ । घुस खान्छन् । यो पाटोलाई रोक्न सकिएन भने शैक्षिक प्रशासनमा सुधार र सुशासन सम्भव हुँदैन ।

शैक्षिक प्रशासनको कुरा गर्दा शिक्षक युनियनहरूले संघवाद, स्थानीय स्वशासन र स्वायत्तता विरुद्ध माग अघि तेस्याउनु गलत हो । शिक्षा स्थानीय, प्रदेश र केन्द्रबीचको समवर्ती सूचीमा भएको अधिकार हो, स्थानीय तहको मात्र हैन । तसर्थ स्थानीय तहलाई कति अधिकार दिनु उचित हुन्छ ? सोचिनुपर्दछ । तर, जिल्ला शिक्षा कार्यालयहरूलाई ब्युँताएर स्थानीय सरकारलाई बाइपास गर्ने कुरा मान्य हुन सक्दैन, हुनुहुँदैन ।

**निजी क्षेत्रको स्वभाव हो, उसले शिक्षा क्षेत्रमा विद्यार्थी अभाव र मुनाफा संकट देख्या हो भने अवसर लागत बढी भएको अन्य क्षेत्रमा सिफ्ट गर्दछ । सरकारले त्यसो हुन दिनुपर्दछ । तसर्थ निजी क्षेत्र हाम्रो समस्या हैन । मुख्य समस्या सार्वजनिक विद्यालयहरुलाई कमजोर बनाउने तत्वहरु हुन् ।**

दशौं प्रश्न- दलीय शिक्षक ट्रेड युनियनहरूको हो । यो विषयमा पनि पुराना दल, शिक्षक र दलीय ट्रेड युनियन कोही पनि प्रवेश गर्न चाहँदैनन् । उनीहरूले अहिलेकै प्रचलनमा हित देखेका छन् । खासमा नेपालका शिक्षकहरूलाई बद्नाम गर्ने एउटा कारण यो हो । विद्यार्थी र अभिभावकको आँखामा, आम जनताको आँखामा उनीहरू यही कारणले दल र नेताका 'झोले' जस्ता देखिन्छन् । शिक्षकहरूका यस्ता सञ्जालले जबर्जस्त पुराना पार्टीहरूका सञ्जाललाई जोगाइरहेका छन् । शिक्षकको प्रभाव, हैसियत र प्रियतालाई निश्चित दलको भोट जम्मा गरिदिने संयन्त्रका रूपमा प्रयोग गरिरहेका छन् ।

शिक्षकहरूका सबै दलीय ट्रेड युनियन अविलम्ब खारेज गरी व्यक्ति उम्मेद्वार र मतदाता भएको एकल ट्रेड युनियन दिनुपर्छ । अन्यथा शैक्षिक प्रशासनको प्रभावकारिता र सुशासन सम्भव हुने छैन । दलीय ट्रेड युनियनहरू लोकतन्त्रको गत्यात्मकताको समेत व्यवधान गर्ने सामाजिक प्रगति र उन्नतिकै बाधक तत्वहरू हुन् भनेर बुझ्न अब कसैले पनि ढिलो गर्नुहुँदैन ।

एघारौं र अन्तिम प्रश्न- शिक्षा क्षेत्रको समाजवादीकरणसँग जोडिएको थियो । कतिपय नेताहरू के ठान्दछन् भने राज्यसँग त्यत्रो क्षमता नै छैन, यत्रो धेरै पैसा कहाँबाट ल्याएर निजी क्षेत्रका स्कुल राष्ट्रियकरण गर्ने ? यो पंक्तिकारसँग एकपटक एक पूर्व अर्थमन्त्रीले यस्तै तर्क गरेका थिए । उनको सोचको दरिद्रता देखेर मलाई हाँसो उठेको थियो ।

प्रश्न निजी स्कुलको राष्ट्रियकरण गर्ने, निजी क्षेत्रलाई बलपूर्वक समाप्त पार्ने वा सबैको मुआब्जा वा क्षतिपूर्ति दिएर स्कुलहरू सरकारी बनाउने भन्ने हुँदैन हैन । यसो गर्न पनि मिल्दैन, गर्न पनि सकिंदैन ।

हामीले गर्ने भनेको दिल्लीको केजरीवाल मोडेल हो यो क्षेत्रमा । अरू सबै कुरा केजरीवाल मोडेल यहाँ लागू नहोला तर विद्यालय शिक्षाका क्षेत्रमा भने केजरीवाल मोडेल नै नेपालका लागि सबैभन्दा उपयुक्त मोडेल हो ।

केजरीवाल मोडेलको अर्थ सार्वजनिक विद्यालयहरूको भौतिक पूर्वाधार र शैक्षिक गुणस्तर निजी क्षेत्रका स्कुलको सरह वा अझमाथि ल्याउने हो । त्यति गर्दा पनि कोही निजीमै धेरै पैसा तिर्न जान्छ भने जाओस्, त्यो उसको स्वतन्त्रता हो । कसैसँग सस्तो पैसा धेरै छ भने किन कसैको टाउको दुख्नुपऱ्यो ?

जब सार्वजनिक स्कुलहरू बलिया हुनेछन्, विद्यार्थीको प्रवाह स्वत: बढ्ने छ । निजी स्कुलहरूले त्यही अनुरूप आफ्नो व्यावसायिक रणनीति समायोजन गर्नेछन् । कतिपय स्कुल बन्द होलान्, कतिपय मर्ज होलान्, कतिपयले गुणस्तर प्रतिस्पर्धा गरेर टिक्लान्, कतिपयले घरजग्गा र लगानी अन्य पेशामा डाइभर्ट गर्लान्, न उनीहरूको सम्पत्तिको अधिकार हनन् गर्न जरूरी छ न राष्ट्रियकरण गर्न न मुआब्जा दिन ।

निजी क्षेत्रको स्वभाव हो, उसले शिक्षा क्षेत्रमा विद्यार्थी अभाव र मुनाफा संकट देख्या हो भने अवसर लागत बढी भएको अन्य क्षेत्रमा सिफ्ट गर्दछ । सरकारले त्यसो हुन दिनुपर्दछ । तसर्थ निजी क्षेत्र हाम्रो समस्या हैन । मुख्य समस्या सार्वजनिक विद्यालयहरूलाई कमजोर बनाउने तत्वहरू हुन् ।

**किन कोही बन्न सकेन केजरीवाल ?**

संघीय सरकार र शीर्ष नेताहरूको कुरा एकक्षणलाई छोडौं- अब त कुनै मुख्यमन्त्रीले पनि यो काम गरेको भए हुन्थ्यो । पैसाको अभाव वा बजेटको सीमा थियो होला तर सरकारले गर्ने काम सबै बजेटरी मात्र हुँदैन । सरकार भनेको आफैंमा एक यस्तो ताकत पनि हो, जसले थोरै पैसा वा पैसा विनै पनि नीतिगत तथा प्रशासनिक सुधार गरेर धेरै काम गर्न सक्दछ । दुर्भाग्यको कुरा हो कि संघीयतापछि नेपालमा कुनै प्रदेशको कोही मुख्यमन्त्री दिल्लीका अरविन्द केजरीवाल जत्तिको पनि प्रभावकारी भएन ।

*(साभार: अनलाइनखबर)*

# ओलीको डरसहित एमालेमा चल्मलाएको लोकतन्त्र



काठमाडौं/नेकपा एमाले बागमती प्रदेशको प्रथम अधिवेशन सोमबार काठमाडौंको भृकुटीमण्डपमा सुरु भएको छ । मुलुक संघीय संरचनामा गएको आठ वर्षपछि भएको यो अधिवेशनले ५ पदाधिकारीसहित २४० सदस्यीय प्रदेश कमिटी चयन गर्दैछ ।

पूर्वनिर्धारित कार्यतालिका हेर्दा यो अधिवेशनलाई एमालेले नेतृत्व चयनमा सीमित गर्नेछ । किनकि मंगलबार सकिने गरी तय अधिवेशनमा राजनीतिक, संगठनात्मक, विधान जस्ता प्रतिवेदनमाथि छलफल गर्न समय नै छुट्याइएको छैन ।

कार्यतालिकामा भनिएको छ, 'सबै प्रक्रिया पूरा गरेर प्रतिवेदन पास गर्ने, नीति निर्माण गरिने ।' अर्थात् पार्टी प्रतिवेदनहरुलाई औपचारिकता दिएर अधिवेशनको दोस्रो दिन अध्यक्ष मण्डल घोषणा, निर्वाचन प्रक्रिया अगाडि बढाउने, सहमतिको प्रयास गर्ने र नभए मतदान गर्ने प्रक्रियातर्फ बढ्नेछ ।

जसअनुसार, उद्घाटन सत्र सकिएपछि बुधबार बिहान ८ बजेबाट बन्दसत्र सुरु हुने जानकारी दिइएको छ । तर नेतृत्व चयनमा केन्द्रित अधिवेशनको उद्घाटन सत्र सकिँदा पनि यो प्रदेशका नेताहरु, पदाधिकारीका आकांक्षीदेखि प्रतिनिधिहरु समेत अलमलमै छन् । किनकि अधिवेशन कसरी अगाडि बढ्छ भन्नेमा अहिलेसम्म प्रष्ट हुन सकेको छैन । 'पार्टी अध्यक्षसहितको बैठक बसेपछि प्रष्ट होला, अहिले अन्योल नै छ', एमालेका एक पदाधिकारी भन्छन् ।

उनका अनुसार, ओली सहित शीर्ष नेताहरुबीच नेतृत्व चयनबारे छलफल गरेर बन्दसत्र अगाडि बढ्ने छ । १ भदौमा मात्रै स्थायी कमिटी सदस्य गुरुप्रसाद बराललाई बागमतीको इन्चार्ज बनाएकाले पनि आवश्यक छलफल गर्न समय नपुगेको ती पदाधिकारी बताउँछन् ।

जबकी पदाधिकारीका आकांक्षीबारे सार्वजनिक रुपमा निकै अगाडिदेखि छलफल हुँदै आएको छ । अहिलेका प्रदेश अध्यक्ष केशव पाण्डेसहित कैलाश ढुंगेल, कृष्ण दाहाल, कृष्णभक्त पोखरेल, रचना खड्का, सानु श्रेष्ठ, भूमि त्रिपाठी र खेम लोहनीले प्रदेश अध्यक्ष बन्ने आकांक्षा लुकाएका छैनन् ।

तर अधिवेशन सुरु भइसक्दा समेत यी मध्ये कसैले पनि प्रतिनिधिहरुसँग आफ्नो कुरा राख्न सकेका छैनन् । त्यसको मूख्य कारण अध्यक्ष ओलीको डर भएको अर्का पदाधिकारी अनुमान गर्छन् । 'पार्टी अध्यक्षले समर्थन नगरे चुनाव भएपनि जितिँदैन भन्ने डर होला, बोलेर राजनीतिक भविष्य संकटमा नपारौं भन्ने पनि होला', ती पदाधिकारी भन्छन् ।

अधिवेशन उद्घाटन गर्दै अध्यक्ष ओलीले दिएको संकेतले पनि ती पदाधिकारीको विश्लेषणमा बल पुग्छ । सर्वसम्मत नेतृत्व चयन गर्न निर्देशन दिएका ओलीले प्यानलगत उम्मेदवारी परे उम्मेदवारी नै खारेज गर्ने चेतावनी दिएका छन् ।

तर परिस्थिति ओलीको चेतावनी विपरीत छ । पार्टीभित्रको अन्तरसंघर्षकै आधारमा प्रतिस्पर्धामा जाने नेताहरुको तयारी देखिन्छ । 'प्यानल बनाएर उम्मेदवारी दर्ता नहोला, तर अध्यक्षमा चुनाव भएपछि बाँकी पदमा एकअर्काको टिम भन्ने त हुन्छ नै', बागमती एमालेका एक नेता भन्छन् । उनका अनुसार, अध्यक्ष पदका आकांक्षी धेरै जना भएपनि पार्टीभित्रको अन्तरसंघर्षका आधारमा कैलाश ढुंगेल र कृष्ण दाहालबीच प्रतिस्पर्धाको सम्भावना धेरै छ ।

तर अध्यक्ष ओली अभिव्यक्ति सुन्दा र गतिविधि नियाल्दा उनी आन्तरिक लोकतन्त्रका नाममा मतदानबाट नेतृत्व चयन चाहिरहेका छैनन् । आफूलाई भेट्न आउने नेताहरुसँग सर्वसम्मत नेतृत्व चयनको वातावरण बनाउन निर्देशन दिने गरेको सन्देशले पनि आकांक्षीले प्रतिनिधिहरुसँग खुलेर आफ्नो कुरा राख्न सकेको देखिँदैन ।

### डरले नरोकेको आकांक्षा

एमालेका अधिकांश नेताहरु भने सहमति नभए प्रतिनिधिहरुको मतबाट आउने नेतृत्वलाई स्वागत गर्नुपर्ने सार्वजनिक मत राख्दै आएका छन् । गत वैशाखसम्म चलेको दुई महिने 'मिसन ग्रासरुट' अभियानका क्रममा नेताहरुले ल्याएको प्रतिवेदनको निष्कर्ष नै कार्यकर्ताप्रति उत्तरदायी नेतृत्व चयन भएकाले आन्तरिक लोकतन्त्रलाई रोक्न नहुने उनीहरुको तर्क छ ।

'केन्द्रीय नेतृत्वले प्रदेश कमिटी छान्ने भए स्थानीय तहबाट प्रतिनिधि चयनको आवश्यकता नै पर्थेन, तर पार्टी सदस्यबाट चयन भएका प्रतिनिधि आफ्नो नेता चुन्न स्वतन्त्र छन्', स्थायी कमिटी सदस्य कर्ण थापा भन्छन् ।

मातहत कमिटीको अधिवेशनमा हस्तक्षेप गर्ने एमालेको निर्णय नभएको उनी बताउँछन् । 'हस्तक्षेप हुन्छ भन्ने हल्ला हो, त्यसमा कुनै सत्यता छैन', उनी भन्छन् ।

केन्द्रीय कार्यालयबाट बनेको कमिटी प्रभावकारी नभएको निष्कर्षकै आधारमा समय नपुग्दै प्रदेश कमिटीदेखि मुनिका कमिटीहरुको अधिवेशन गर्न लागिएको थापा बताउँछन् । एमालेले २०७८ कात्तिकदेखि पुससम्म केन्द्रदेखि वडासम्मको कमिटी बनाएको थियो । तर सर्वसम्मतिबाट त्यसबेला बनेको नेतृत्व प्रभावकारी नभएकैले चुनावमा अपेक्षित मत नआएको निष्कर्षसहित एमालेले दुई वर्षभित्रै केन्द्रीय कमिटी बाहेकको अधिवेशन गर्दैछ ।

पोलिटब्यूरो सदस्य अरुण नेपाल एमालेमा हुँदै गरेका सबै अधिवेशनले कार्यकर्तामा विश्वास गर्ने नेतृत्व चयन गर्नुपर्ने बताउँछन् । 'जसले आफूलाई नेता बनाउँछ, स्वभाविक रुपमा उसैप्रति उत्तरदायी बन्ने हुन्छ । माथिबाट पद पाएपछि उसले तलतिर हेर्दैन', उनी भन्छन् ।

तर यसरी पार्टी सदस्यबाट प्रतिनिधि र प्रतिनिधिबाट नेता चुन्ने नाममा पार्टीको शक्ति सन्तुलन बिग्रने चिन्तामा ओली देखिन्छन् । यसअघि सम्पन्न लुम्बिनी प्रदेश अधिवेशनलाई हेर्दा पनि ओलीमा त्यस्तो चिन्ता रहेको बुझ्न गाह्रो पर्दैन ।

गत १६ असारमा लुम्बिनी अधिवेशन उद्घाटन गर्दै ओलीले सर्वसहमत नेतृत्व चयनको सार्वजनिक अपील गरेका थिए । अनौपचारिक छलफलमा पनि सर्वसम्मत कमिटी टुंग्याउन नेताहरुलाई निर्देशन दिएका ओलीले आफैं प्रदेश कमिटी घोषणा गरेर फर्कने बताएका थिए ।

तर लुम्बिनीले प्रतिनिधिहरुको मतकै आधारमा नेतृत्व चयन गर्‍यो । अझ अध्यक्ष ओलीको समर्थन आफूलाई रहेको भनेर प्रचार गरेकै हरि रिजाललाई पराजित गर्दै राधाकृष्ण कँडेल अध्यक्ष निर्वाचित भए । एक तिहाई पार्टी पदाधिकारीहरु (उपाध्यक्षहरु युवराज ज्ञवाली र विष्णुप्रसाद पौडेल, महासचिव शंकर पोखरेल, उपमहासचिव प्रदीप ज्ञवाली, सचिवहरु गोकर्ण विष्ट र छविलाल विश्वकर्मा) रहेको लुम्बिनीबाटै ओलीले सर्वसम्मत नेतृत्व चयनको सन्देश अरु प्रदेशमा जाने बताएका थिए ।

नभन्दै, लुम्बिनीमा मतदानबाट भएपछि अरु प्रदेशमा पनि प्रभावशाली नेताहरुले प्रतिस्पर्धाबाट नेतृत्व स्थापित गर्ने तयारी गरिरहेका छन् । कोशीमा तुलसी न्यौपाने, घनश्याम खतिवडा, विनोद ढकाल र टीकाराम चेम्जोङले अध्यक्ष पदको तयारी गरिरहेका छन् । पार्टी केन्द्रको निर्णयबाट अध्यक्ष बनेका न्यौपाने एकपटक मतदाताबाट चुनिएर काम गर्ने तर्क गरिरहेका छन् ।

तर उनले औपचारिक तयारी गर्न सकिरहेका छैनन् । यसअघि एमाले फुट्नु अगाडि माधव नेपाल समूहमा रहेकाले न्यौपाने अध्यक्ष ओलीको संकेत पर्खिरहेको उनी निकट नेताहरु बताउँछन् ।

मोरङ एमालेको दुई पटक नेतृत्व गर्दै केन्द्रीय सदस्य रहेका ढकाल चाहिँ खुलेरै प्रतिनिधिहरुसँग मत माग्न थालेका छन् । चेम्जोङ र खतिवडा पनि छलफलमा आफ्नो आकांक्षा राखेपनि केन्द्रको संकेत पर्खिरहेका छन् ।

मधेश प्रदेशको नेतृत्वका दाबेदारहरुमा पनि केन्द्रीय नेतृत्वमै बढी भर देखिन्छ । सुमनराज प्याकुरेल, पुरुषोत्तम पौडेल, रेवती पन्त र राजकिशोर यादवले अध्यक्ष बन्ने चाहना राखेपनि खुल्न सकेका छैनन् । एक नेताका अनुसार, यी सबै नेतामा अध्यक्ष ओलीले अर्का नेतालाई साथ देलान् भन्ने डर छ ।

गण्डकीमा प्रदेश अध्यक्ष बन्ने चाहना राख्ने नेताहरुको लर्को नै छ । मायानाथ अधिकारी, तिलक महत, कृष्ण थापा, रामशरण बस्नेत, राजीव पहारी, सूर्य पाठक, नवराज शर्मा, धनञ्जय दवाडी र रश्मी आचार्यले प्रदेश अध्यक्षको चाहना राखेका छन् ।

एमालेले प्रदेश अध्यक्षलाई पोलिटब्युरो सदस्यको हैसियत दिएको र कार्यकारी पद समेत भएकाले नेताहरुमा आकांक्षा स्वभाविक देखिन्छ । तर स्थानीय तहबाट चुनिएर आउने प्रतिनिधिकै मतका आधारमा मात्रै त्यो पदमा पुग्न नसकिने भय उनीहरुमा देखिन्छ ।

जस्तो- पार्टी केन्द्रकै संकेत नपाएकाले गण्डकी प्रदेश कमिटीको अध्यक्ष बन्ने चर्चा चलाएर तिलक महत र सूर्य पाठक पछि हटे । उनीहरु प्रतिनिधि नै चयन भएनन् । कर्णालीको नेतृत्व लिने प्रचार चलेपनि केन्द्रीय सदस्यहरु विष्णु रिजाल र निरज आचार्य प्रदेश अधिवेशनको प्रतिनिधि नै बनेनन् । अरुतिर पनि यस्तो प्रवृत्ति बढेर जाने नेताहरु बताउँछन् ।

यद्यपि आस र त्रासबीच अधिवेशन हुने कर्णाली र सुदूर पश्चिममा पनि अरु प्रदेश जस्तै नेतृत्वका आकांक्षी नेताहरुको तयारी बढेको छ । पर्सि १० असोजमा उद्घाटन हुने कर्णालीमा त प्यानलगत प्रतिस्पर्धाकै तयारी भइसकेको छ ।

स्रोतका अनुसार, स्थायी कमिटी सदस्य यमलाल कँडेलको अगुवाइमा आइतबार साँझ गुलाबजंग शाह अध्यक्षको उम्मेदवार रहने गरी पदाधिकारीको सेट नै तयार भएको छ । उनको समूहबाट उपाध्यक्षमा टेराज पछाईं, सचिवमा ध्रुव शाही, उपसचिवद्धय रवीन्द्र शर्मा र कौशिला खत्री वा बानसिं परियार उम्मेदवार बन्नेछन् ।

प्रदेश अध्यक्षका अरु प्रत्यासी मीनबहादुर शाही र लालबहादुर महतारा पनि आफ्नो टिम बनाउने गृहकार्यमा छन् । राजबहादुर शाही र प्रेमबहादुर सिंहले पनि उम्मेदवारी दिने बताइरहेका छन् ।

पार्टी केन्द्रबाट सर्वसम्मत अध्यक्षको घोषणा आफूलाई गर्लान् भन्ने आशबीच सुदूरपश्चिम प्रदेशमा पनि नेताहरुको गतिविधि बढेको छ । सुदूरपश्चिममा कृष्णप्रसाद जैसी, लालबहादुर थापा, झपट रावल, बचनबहादुर सिंह लगायतले अध्यक्ष बन्ने चाहना राखेका छन् ।

केन्द्रीय सदस्य झपट रावल भने अहिले कसरी नेतृत्व चयन हुने भन्दा पनि कस्तो नेतृत्व भन्ने मुख्य कुरा भएको बताउँछन् । पार्टी नेतृत्वले सर्वसम्मतिका लागि दिइरहेको दबाबको बचाउमा देखिने उनी भन्छन्, 'संगठनको आवश्यकता, नेतृत्वको निर्णय र कार्यकर्ताको भावना अनुसार प्रदेशको नेतृत्व चयन हुन आवश्यक छ ।'

एमालेलाई गति दिन, अन्तर्घात र प्रतिघातबाट मुक्त गर्नुपर्ने भएकाले पनि सबैलाई एकताबद्ध बनाउनेगरी नेतृत्व चयन हुनुपर्ने उनी बताउँछन् ।

अर्का केन्द्रीय सदस्य निरज आचार्य पनि आकांक्षीहरुबीच सहमति प्राथमिकतामा राख्नुपर्ने र त्यसो नभए लोकतान्त्रिक प्रक्रियालाई खुला गरिदिनुपर्ने बताउँछन् । 'सर्वसम्मत वा चुनाव भनेर कुनै एउटालाई मात्रै विकल्प भन्नु हुँदैन । आवश्यकताको आधारमा दुवै विकल्पलाई खुला राख्नुपर्छ', उनी भन्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# बीआरआईमा अड्कियो नेपाल र चीनको संयुक्त वक्तव्य

काठमाडौं/साताव्यापी चीन भ्रमणमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र चिनियाँ समकक्षी ली छ्याङबीच बेइजिङमा भेटवार्ता भएको छ ।

एक दर्जन सम्झौता र समझदारी पत्रमा हस्ताक्षर भएको छ । तर दुई पक्षबीच चीनको महत्वाकांक्षी परियोजना बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) लगायत विषयमा सहमति जुट्न नसक्दा संयुक्त वक्तव्य जारी हुनसकेको छैन ।

संयुक्त राष्ट्रसंघको महासभामा सहभागी भएर न्यूयोर्कबाटै चीन गएका प्रधानमन्त्री प्रचण्डले राष्ट्रपति सी जिनपिङसँग एसियाली खेलकुद आयोजना भएको शहर हाङजाउमा शनिबार भेटवार्ता भएको थियो । सोमबार बेइजिङस्थित ग्रेट अल हफ दि पिपुलमा दुई देशका प्रधानमन्त्रीबीच भेटवार्ता भयो ।

चिनियाँ राष्ट्रपति सी र प्रधानमन्त्री ली छ्याङसँग भएको भेटमा समग्र एजेन्डामा छलफल भएको थियो । चीनले अघि सारेको बीआरआई लगायत केही महत्वपूर्ण एजेन्डामा नेपाल पक्षले सहमति नजनाउँदा संयुक्त वक्तव्य आएको छैन ।

सोमबार सम्झौता तथा समझदारी पत्रहरुमा हस्ताक्षरका लागि औपचारिक छलफल सुरु हुनुअघिसम्म पनि संयुक्त वक्तव्य निकाल्ने विषयमा के हुन्छ भन्ने टुंगो लागिसकेको थिएन । हस्ताक्षर समारोह सम्पन्न भइसकेपछि पनि नेपालका तर्फबाट संयुक्त वक्तव्य जारी गर्ने विषयमा चिनियाँ पक्षसँग छलफल भएको थियो ।

संयुक्त वक्तव्यको टुंगो नभएपछि दुवै देशका परराष्ट्र मन्त्रालयले छुट्टाछुट्टै विज्ञप्ति सार्वजनिक गर्ने सहमति भएको थियो ।

सोही अनुरुप बेइजिङस्थित नेपाली राजदूतावासले प्रधानमन्त्रीको भ्रमणका क्रममा भएका एक दर्जन सम्झौता र समझदारीलाई उल्लेख गरेर विज्ञप्ति जारी गरिसकेको छ । चिनियाँ विदेश मन्त्रालयले भने अहिलेसम्म कुनै धारणा सार्वजनिक गरिसकेको छैन ।

स्रोतका अनुसार बेइजिङले प्रधानमन्त्री प्रचण्डको भ्रमण सम्पन्न हुने मितिसम्म आफ्ना प्रस्तावमा सकारात्मक छलफल हुनसकेको खण्डमा संयुक्त विज्ञप्ति जारी गर्ने प्रतिक्रिया दिइरहेको छ ।

तर प्रधानमन्त्री प्रचण्डले चीनले संयुक्त वक्तव्यमा समावेश गर्न चाहेका विषयमा सहमत भइसकेका छैनन् । सुरुवातमा चीनले बीआरआईसँगै पछिल्लो समय राष्ट्रपति सीले अघि सारेका ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जीएसआई), ग्लोबल डेभलप्मेन्ट इनिसिएटिभ (जीडीआई), ग्लोबल कल्चरल इनिसिएटिभ (जीसीआई)मा नेपालको सहभागिता खोजेको थियो ।

प्रधानमन्त्री प्रचण्डले कुनै पनि इनिसिएटिभमा नेपाल तत्कालै सहभागी हुन नसक्ने बताए । संयुक्त वक्तव्यकै विषयमा छलफल हुँदा पनि उनले जीडीआई एउटाको नाम उल्लेख गरेर बाँकी चीनको समृद्धि र विकासका लक्ष्यहरू हासिल गर्ने कुरामा सकारात्मक रहेको भन्ने आशय उल्लेख गर्न अनुरोध गरेका थिए ।

तर चीनले कम्तीमा पनि बीआरआईलाई समेट्नुपर्ने र पोखरा विमानस्थल लगायत केही परियोजनालाई बीआरआई मातहत राख्नुपर्ने प्रस्ताव गरेको छ । नेपालले त्यसलाई स्वीकार गरेको छैन । बरु पोखरा विमानस्थल निर्माणका लागि चीनले दिएको ऋण मिनाह गर्न नेपाल पक्षको अनुरोध छ । पोखरा विमानस्थल निर्माणको ऋण मिनाहका विषयमा चीन सकारात्मक भए पनि परियोजनालाई बीआरआई मातहत राख्नुपर्ने बेइजिङको स्पष्ट लाइन देखिएको छ ।

'चीनले विशेष गरी बीआरआई, पोखरा र लुम्बिनी विमानस्थल लगायत केही परियोजना र उर्जा व्यापारलगायत विषयमा गम्भीरतापूर्वक छलफल गरेको थियो ।'

*(स्रोत: अनलाइनखबर)*

# नेपाल-चीन कृषि सहकार्य समझदारी १३ वर्षपछि नवीकरण

काठमाडौं/कृषि विकासका लागि नेपाल र चीनबीच सहकार्य गर्ने सम्बन्धी समझदारी १३ वर्षपछि नवीकरण भएको छ । सोमबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र चिनियाँ समकक्षी ली छ्याङको उपस्थितिमा दुई देशका अधिकारीहरु एक दर्जन सम्झौता तथा समझदारी पत्रमा हस्ताक्षर भयो ।

जसमध्ये चीनको कृषि तथा ग्रामीण मामिला मन्त्रालय र नेपालको कृषि तथा पशुपन्छी विकास मन्त्रालयबीच कृषि पशुपन्छी क्षेत्रमा सहयोगसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर पनि एक थियो ।

समझदारी नवीकरणमा कृषि मन्त्रालयका पशुपन्छी विकास सचिव डा. रेवतीरमण पौडेल र चिनियाँ अधिकारी बीच हस्ताक्षर भएको छ । मन्त्रालयका अनुसार दुई मुलुकबीचको समझदारीले कृषिको सूचना आदान प्रदान, मत्स्य विकास, कृषि रोग नियन्त्रण र प्रविधि हस्तान्तरण, एक अर्को मुलुकको कृषि उपजको आयात निर्यात सहजीकरण र खोज तथा अनुसन्धानमा आपसी सहयोग र सहकार्यको बाटो खुलेको छ ।

नेपाल र चीन बीच कृषि क्षेत्रमा सहकार्यका लागि सन् २००१ मा पहिलो पटक यस्तो समझदारीमा हस्ताक्षर भएको थियो । हरेक ५ वर्षमा स्वत: नवीकरण हुने यस्तो समझदारी २०१० पछि भने निष्कृय थियो ।

मन्त्रालयकी सहसचिव एवम् प्रवक्ता सबनम शिवाकोटीका अनुसार दुई मुलुकबीच कृषिमा सहकार्य र समझदारीका लागि उपयोगी रहेको त्यो समझदारी संशोधनसहित नवीकरण गर्न यसपटक भ्रमण अघि दुई देशका अधिकारीबीच लामो गृहकार्य भएको थियो । चीनले पठाएको समझदारीको खाकामा नेपाली पक्षले थप संशोधन र आफ्ना मागहरु राखेर संयन्त्रको नवीकरणको अन्तिम मस्यौदा तयार गरिएको प्रवक्ता सिवाकोटीले बताइन् ।

१३ वर्ष देखि निष्कृय रहेको संयन्त्रको नवीकरणपछि अब दुई देशका कृषि सचिवस्तरमा संयुक्त संयन्त्र निर्माण हुनेछ । कृषि अध्ययन र अनुसन्धान, नेपाल कृषि अनुसन्धान परिषद्सँग सहकार्य, कृषि उपजको निर्यात र खाद्य प्रविधि प्रणालीको विकास, उन्नत बिउ र विर्य आदान-प्रदान जस्ता कृषि विकासका सहकार्यलाई सहज बनाउने सरकारको विश्वास छ ।

नेपालको जडिबुटी चीन निर्यात प्रोटोकल पनि समझदारीले समेट्ने मन्त्रालयले जनाएको छ । चीनको परम्परागत घरेलु औषधिमा नेपाली जडिबुटीको प्रयोग हुने गरेको र त्यसलाई निर्यातका लागि अब सहजीकरण हुने पनि सरकारी विश्वास छ । समझदारी नवीकरण पछि हरेक दुई दुई वर्षमा संयन्त्रको बैठक पालै पालो दुई मुलुकमा बस्नेछ ।

# 'हनी बनी' पोस्टरमा अभिमन्युसँग रोमान्टिक जसिता




काठमाडौं/'क्याप्टेन' फेम्ड निर्देशक दीवाकर भट्टराईको लेखन तथा निर्देशनमा तयार भएको लभस्टोरी फिल्म 'हनी बनी'को फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै आगामी माघ २६ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको छ । सोमबार सार्वजनिक फर्स्टलुकमा अभिनेता अभिमन्यु तोमर र अभिनेत्री जसिता गुरुङ रोमान्टिक देखिएका छन् । अभिमन्यु भारतीय मोडल हुन् । यो उनको पहिलो फिचर फिल्म हो ।

भारतको दिल्लीमा जन्मिएका अभिमन्युले केही हिन्दी गीतमा अभिनय गरेका छन् । उनले अभिनय गरेको 'याद पिया के आने लगी' गीत सर्वाधिक चर्चित छ । यही गीतबाट उनले मोडलको रुपमा आफ्नो करिअर सुरुवात गरेका हुन् । अध्ययन, घुमफिर र पौडीका सौखिन उनले बलिउड फिल्ममा भने ब्रेक पाइसकेका छैनन् । 'हनी बनी'ले बलिउड डेब्यूको पनि बाटो खुलाउने उनको विश्वास छ ।

एबी इन्टरनेशनलले गौतम प्रोडक्सन एण्ड भ्वाइस फिल्म्ससँग सहकार्य गरेर निर्माण गरेको फिल्मका निर्मातामा अमित बस्नेत, परी राना र आरोन बस्नेत छन् भने सह-निर्माता अजित थापा र सनिस खकुरेल हुन् । अंकित गौतम कार्यकारी निर्माता रहेको फिल्मको एसोसिएट निर्मातामा सुरज कुँवर र अजित पल सिंह छन् । निर्माता अमित बस्नेत स्वयंको 'हनी बनी'मा पटकथा लेखन रहेको छ ।

फिल्ममा सूर्यमाला खनाल, सलोन बस्नेत, अजुनजंग शाहीलगायतको पनि अभिनय छ । अघिल्लो वर्षको जेठमा लण्डनमा फिल्मको छायांकन सुरु भएको थियो । फिल्मको निर्माण कम्पनी एबी इन्टरनेशनलले यसअघि 'पासवर्ड' र 'सम्हालिन्छ कहिले मन'को निर्माण गरिसकेको छ भने नयाँ फिल्म 'लण्डन टू पेरिस' प्रदर्शनको तयारीमा छ । यो कम्पनीले 'लार्ज स्केल'मा फिल्म बनाउने गरेको छ ।

# मौलिक कथामा काम गर्ने रहर 'परदेशी २'ले पूरा गर्‍यो : केकी



काठमाडौं/यस वर्षका लागि अभिनेत्री केकी अधिकारीको तेस्रो फिल्म 'परदेशी २' दर्शकौको छेको पारेर असोज २६ गतेदेखि प्रदर्शनमा आउँदैछ । यो फिल्मप्रति उनमा व्यावसायिक सफलताको ठूलो आशा देखिन्छ । यसैले प्रचारमा पनि राम्रै खटिएकी छन् । यतिबेला प्रचारको सिलसिलामा मोफसल यात्रामा रहेकी उनले यो फिल्मबाट मौलिक कथामा काम गर्ने रहर पूरा भएकोमा खुसी व्यक्त गरेकी छन् ।

नेपालगञ्जमा पत्रकारहरु सँगको कुराकानीमा उनले भनिन्, 'यो फिल्मले मेरो मौलिक कथामा काम गर्ने रहर पूरा गर्‍यो । 'परदेशी २' हामी सबैको कथा समेटिएको फिल्म हो । त्यसैले पनि म उत्साहित छु । प्रकाश सपूतसँग काम गर्न पाउँदा पनि खुशी छु । नारायण रायमाझी सर (निर्देशक)का यसअघिका फिल्महरु म दर्शक बनेर हेर्थें, अहिले कलाकार बनेर काम गर्ने अवसर पाउँदा खुसी छु ।'

'परदेशी २'बाट अभिनेताको रुपमा डेब्यू गरेका गायक प्रकाश सपूत पहिलो फिल्म भएकाले उत्साहसँगै डर पनि रहेको बताउँछन् । त्यस्तै, निर्देशक नारायण रायमाझीले फिल्मले हाम्रो समाजको कथा उठान गरेकोले दर्शकलाई मनपर्ने विश्वास व्यक्त गरे । संसार घुमे पनि आफ्नो मातृभूमि, आमा-बुबा, साथीभाईलाई कहिल्यै भुल्नु हुँदैन भन्ने फिल्मको कथासार रहेको उनले स्पष्ट पारेका छन् ।

राजेश वंशल (अग्रवाल) र नारायण रायमाझीको संयुक्त निर्माण रहेको फिल्ममा प्रकाश र केकीका साथै नीर शाह, रमा थपलिया, दीलिप रायमाझी, वर्षा सिवाकोटी, प्रशान्त तामाङ्ग, देवेन्द्र बब्लु, सुशील पोखरेल, सबिन बास्तोला, रोशनी कार्कीको पनि अभिनय छ । मानकृष्ण महर्जनको छायांकन र बि.बि अनुरागी तथा नारायण रायमाझीको संगीत रहेको फिल्ममा रमेश विजीको लेखन छ ।

# 'नाङ्गो गाउँ'को सिक्वेल घोषणा



काठमाडौं/तीजको अवसर पारेर भदौ २९ गतेबाट प्रदर्शनमा आएको फिल्म 'नाङ्गो गाउँ'ले 'हिट'को ट्याग पाएसँगै निर्माताले सिक्वेल निर्माणको घोषणा गरेका छन् । निर्माता हिमाल कडरिया र लेखक तथा निर्देशक दीपेन्द्र लामाबीच सिक्वेल बनाउने सहमति भएपछि सोमबार फिल्मको थिम पोस्टर सार्वजनिक गरिएको छ । 'नाङ्गो गाउँ २' शीर्षक रहने फिल्मलाई 'अ पोलिटिकल कमब्याक' भनिएको छ ।

अभिनेता दयाहाङ राईले निर्वाह गरेको 'पासाङ' पात्र केही समयपछि गाउँ फर्किने कथामा सिक्वेल बन्ने निर्देशक लामाले जानकारी गराए । उनले दोस्रो भागको कथा पहिल्यै लेखिसकेका छन् । उनी भन्छन्, 'अहिले फिल्मको कथा जहाँनिर टुंगिन्छ, त्यो वास्तवमा मध्यान्तर थियो । पटकथामा परिणत गर्दै जाँदा कथा लामो भयो र हामीले दुई भागमै बनाउने सोच्यौं । सिक्वेल एक वर्षपछि बन्छ ।'

जरी (शिशिर वाङ्देल)को आतंकबाट वाक्क भएपछि गाउँलेहरुले काठमाडौं गएर पासाङलाई गाउँमा फर्काउने र जरीको खराब गतिविधिलाई रोक्न पासाङ संघर्षमा होमिएको कथामा सिक्वेल बन्ने निर्देशक लामाले स्पष्ट पारेका छन् । 'नाङ्गो गाउँ २'अघि निर्माता कडरियाकै निर्माणमा उनले एउटा कमेडी फिल्म बनाउँदैछ । तिहार पछि छायांकनमा जाने फिल्ममा निर्देशक लामाकै लेखन छ ।

निर्माता कडरियाले दर्शकहरुकै मागअनुसार सिक्वेल निर्माण गर्न लागेको बताएका छन् । 'धेरै दर्शकले नायकको हार र पलायनमा दु:ख व्यक्त गर्दै सिक्वेलको माग गर्नुभयो,' उनले भने, 'छायांकनकै दौरानमा हामीले दोस्रो भागको परिकल्पना गरिसकेका थियौं । अहिले दोस्रो भागको माग आएकाले हामी यसको योजनामा अगाडि बढेका हौं ।' फिल्ममा 'नाङ्गो गाउँ'कै स्टार कास्ट दोहोरिनेछ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# एमाले बागमती प्रदेश अध्यक्षमा दाहाल, उपाध्यक्षमा बर्तौलाको दाबी

साझाकुरा संवाददाता





हेटौंडा, ८ असोज/ नेकपा एमाले बागमती प्रदेश अधिवेशन सोमबारबाट सुरु भएको छ । देश संघीयतामा गएपछि पहिलो पटक एमालेले प्रदेश अधिवेशन गरि रहेको हो । एमालेले लुम्बिनी प्रदेशको अधिवेशनपछि बागमती प्रदेशको अधिवेशन थालेको हो ।

अधिवेशनमा पार्टी प्रदेश कमिटीको पदाधिकारीमा मकवानपुरका दुई नेता दाबेदार छन् । अध्यक्षमा निवर्तमान प्रतिनिधिसभा सदस्य कृष्णप्रसाद दाहाल र उपाध्यक्षमा वर्तमान प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौलाले उम्मेदवारी दिने भएको चर्चा छ । प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा अर्थविकास सभापतिसमेत रहेका दाहाल हाल पार्टीको केन्द्रीय सदस्य छन् । एमाले बागमती प्रदेशको अध्यक्षमा दाहालसँगै पाँच जना आकांक्षी देखिएका छन् । अध्यक्षमा केन्द्रीय सदस्यहरु रामेछापका कैलाश ढुंगेल, मकवानपुरका कृष्ण दाहाल र नुवाकोटका केशवराज पाण्डेसहित नेताहरु चितवनका कृष्णभक्त पोखरेल र काठमाडौंका सानुकुमार श्रेष्ठ आकांक्षी हुन् ।

आकांक्षीमध्ये ढुंगेल र मकवानपुरका दाहाल अगाडि देखिएका छन् । ढुंगेल बागमती प्रदेशको अघिल्लो कार्यकालमा आर्थिक मामिला तथा योजना मन्त्री थिए । रामेछापको तीनपटक पार्टी नेतृत्व सम्हालिसकेका उनी अहिले केन्द्रीय सदस्य छन् । रामेछापको संसदीय निर्वाचनमा चारपटक पराजित भएका उनी २०७४ को निर्वाचनमा भने प्रदेशसभामा निर्वाचित भएका थिए । दाहालले मकवानपुरबाट २०४८, २०५६, २०७४ मा प्रतिनिधिसभा सदस्यमा चुनाव जिते । उनी २०५१ सालमा कमल थापासँग पराजित भएका थिए । सानुकुमार श्रेष्ठ पनि एमाले बागमती प्रदेश आकांक्षीका रुपमा देखिएका छन् । अघिल्लो कार्यकालमा बागमती प्रदेशको सभामुख रहेका उनी पार्टीको केन्द्रीय कमिटीमा छैनन् ।

उपाध्यक्षका दाबेदार बर्तौला प्रदेश कमिटी उपसचिव छन् । पार्टीले सांसदहरुलाई अध्यक्ष वा सचिवमा उम्मेदवारी दिन नपाउने नियम बनाएसँगै बर्तौलाले उपाध्यक्षमा दाबी गरेका हुन् । उपाध्यक्षमा बर्तौलासँगै ईश्वरचन्द्र पोखरेल, कुमार खकुरेल, रामहरि सुवेदी, भूमि त्रिपाठी, मधुसुदन पौडेल, दावादोर्जे लामा, नारायण खतिवडा, नवराज सिलवाल र विजय सुवेदी आकांक्षी छन् । एमालेको जारी अधिवेशनअन्तर्गत् मंगलवार बिहान ८ बजेबाट बन्दसत्र चल्नेछ । बन्द सत्रले प्रदेश कमिटी चयन गर्नेछ । तर, एमालेभित्र हाल सर्वसम्मत वा निर्वाचनबाटै कमिटी चुन्ने भन्ने विषय चर्चामा छ ।

पार्टी अध्यक्ष केपी शर्माओलीले सोमबार अधिवेशन उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्यानल बनाएर चुनावी मैदानमा उत्रिए उम्मेदवारी खारेज गर्ने चेतावनी दिएका छन् । जसकारण उनी अध्यक्षमा सर्वसम्मत गराउन चाहन्छन् ।

चर्चाअनुसार सर्वसम्मत गराउन चाहेका ओलीले अध्यक्षमा रामेछापका ढुंगेल, काठमाडौंका श्रेष्ठ र चितवनका पोखेलमध्ये एकजना चाहेको बुझिएको छ । ओलीले सहमतिमा नेतृत्व टुंग्याउन मञ्चबाटै निर्देशन दिएका थिए । उनको निर्देशनविपरित लुम्बिनी प्रदेशमा उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलको उम्मेद्वार गुटगत रुपमा निर्वाचनमा होमिएका थिए । एकले अर्कालाई सर्वसम्मत गर्न नमानेपछि ओलीको निर्देशन विपरित निर्वाचन भएको थियो ।

लुम्बिनीमा निर्वाचन नगर्न निर्देशन दिएका ओलीले सोमबार बागमती प्रदेश अधिवेशनको उद्घाटनमा भने निर्वाचन गर्न 'ग्रीन सिग्नल' दिएका छन् । उनले 'सम्भव भए सर्वसम्मत गर्नू नभए लोकतान्त्रिक प्रक्रियाबाट नेतृत्व चयन गर्नू' भन्दै आकांक्षीलाई चुनाव लड्न सक्ने संकेत दिएका हुन् । ओलीले व्यक्तिले एकलरुपमा निर्वाचन लड्न पाउने तर समूह बनाए उम्मेदवारी नै खारेज गर्ने चेतावनी दिएका छन् ।

बागमती प्रदेश अधिवेशनका लागि १३ जिल्लाबाट एक हजार एक सय ३८ प्रतिनिधि सहभागी छन् । अधिवेशनका लागि काठमाडौंबाट १३२ जना, काभ्रेबाट १२५ र मकवानपुरबाट १०६ जना सहभागी छन् । त्यसैगरी धादिङबाट ८७, चितवनबाट ८५ , रामेछापबाट ८१, भक्तपुरबाट ६६, सिन्धुलीबाट ६६, दोलखाबाट ६५, सिन्धुपाल्चोकबाट ६४, नुवाकोटबाट ६४, ललितपुर बाट ५०, रसुवाबाट २७ जना र जनसंगठनका तर्फबाट ९५ जना प्रतिनिधि छन् ।

# बसपार्कमा घण्टाघर बनाइने, अनुत्पादक क्षेत्रमा लगानी नगर्न सुझाव



साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/ हेटौंडा उपमहानगरपालिका-१०, स्थित बसपार्कमा पर्यटकीय आकर्षणका लागि घण्टाघर निर्माण गरिने भएको छ ।

१० नम्बर वडा कार्यालयले चालु आर्थिक वर्ष २०८०/८१ बाट घण्टाघर निर्माणका प्रक्रिया सुरु गरिने वडाअध्यक्ष फुर्वादोर्जे लामाले जानकारी दिए । लामाले यसअघि सामाजिक सञ्जाल फेसबुकमा घण्टाघर निर्माणको प्रक्रिया अगाडि बढाउन लागेको जानकारी दिएका थिए । त्यहाँ उनलाई आर्थिक मन्दीको चपेटामा रहेको देशमा अनुत्पादक क्षेत्रमा लगानी नगर्न भन्दै सर्वसाधारणले सुझाव दिएका छन् । कतिपयले घण्टाघर निर्माण गर्न लागेकोमा धन्यवाद दिएका थिए भने कतिपयले घण्टाघर निर्माणमा हुने खर्च उत्पादनको क्षेत्रमा लगानी गर्न वडाध्यक्ष लामालाई सुझाव दिएका थिए ।

२०७४ यता नेपालमा धेरै भ्यूटावर निर्माण भएको भन्दै तत्कालीन सरकारको चर्को आलोचना भएको थियो । अग्लोडाँडामा पनि भ्यूटावर निर्माण भएको विषय सामाजिक सञ्जालमा भाइरल नै बनेको थियो । हाल मुलुकको अवस्थाका कारण तीन तहकै सरकारले भ्यूटावर, घण्टाघर निर्माण गरेर बस्ने समय नभएको र रोजगारी सृजना हुने खालका र उत्पादनका क्षेत्रमा लगानी गर्नुपर्ने बहस तीव्र रुपले चलिरहेको छ । अर्थशास्त्री र अर्थविदहरुले नै अनुत्पादक क्षेत्रमा गरिएको लगानीले मुलुकको अर्थतन्त्रलाई धराशायी बनाइरहेको बताउँदै आएका छन् ।

हेटौंडाको बसपार्कमा उपमहानगरपालिका कार्यालयले जिल्लाको चिनारीको रुपमा रहेको ठेकी निर्माण गरिसकेको छ । हेटौंडाको बसपार्कमा पारिजातसँगै रहने र यसको पनि व्यवस्थापन गरेर घण्टाघर निर्माण गर्न लागिएको वडाध्यक्ष लामाले बताएका छन् । बसपार्कमा घण्टाघर मात्र नभई पर्यटकीय क्षेत्रको जानकारी दिने उद्देश्यले सूचना केन्द्र पनि निर्माण गरिने अध्यक्ष लामाले बताए ।

'घण्टाघर भित्र छिरेपछि सूचना केन्द्र बनाइने छ । जहाँ हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्रको सबै पर्यटकीय क्षेत्रको सूचना एकैस्थानबाट दिने तयारी छ । यसबाट धेरैले पर्यटकीय क्षेत्रको सूचना लिन सक्नेछन् ।', घण्टाघरको डीपीआर तयार भइसकेको उनले बताए ।

# मुलाबाट मनग्गे आम्दानी लिएपछि थाहाका किसान दङ्ग



साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/एक महिना अघिसम्म मूल्य नपाएको गुनासो गर्दैआएका मकवानपुरको थाहा नगरपालिका-७ र ८ का किसानले अहिले मुलामा राम्रो मूल्य पाएपछि दङ्ग परेका छन् ।

एक महिनाअघिसम्म मुला प्रतिकेजी १५ रुपैयाँमा बिक्री गर्न धौधौ परेका किसानले अहिले खतेबारीमा नै पाँच गुना मूल्य पाएका हुन् । अहिले बारीबाट प्रतिकेजी ६० रुपैयाँमा बिक्री गरेका किसानले प्रतिकेजी ७५ रुपैयाँमा ग्रिन मुला बिक्री गरेका छन् ।

स्थानीय व्यवसायी रत्नबहादुर गोलेले यस क्षेत्रका किसानले तरकारीमध्येमा मुलामा राम्रो मूल्य पाएको मात्र होइन, भाउका दृष्टिले तरकारीको राजा नै बनेको बताए । कहिलेकाहीं त प्रतिकेजी ५ रुपैयाँमा पनि बिक्री नभएर फाल्नुपर्ने हुन्छ, उनले भने, 'साउनको १५-१६ पछि मुलाको मूल्य उकालो लागेको हो ।'

थाहा नगरपालिका-७ का अधिकांश किसान मुलाखेतीमा संलग्न छन् । केही समयअघि बन्दा फाल्नुपर्ने अवस्था थियो, अहिले प्रतिकेजी ५० रुपैयाँ खेतबारीबाटै बिक्री भएको उनले सुनाए । वडा ७ र ८ बाट दैनिक अहिले ३० टनसम्म मुला बिक्री हुनेगरेको छ । बिक्री भएको मुलामध्ये अधिकांश काठमाडौंमा केही पोखरा, हेटौंडालगायत बजारमा बिक्री हुँदै आएको छ । अहिले व्यापारीहरु थाहानगरको वडा ७ र ८ का गाउँमा नै पुगेर मुला खरिदगरी लैजाने गरेका छन् ।

# एकलाख पुरस्कार राशीको कविता प्रतियोगिता हुने

हेटौंडा, ८ असोज/प्रदेश युवा परिषद् बागमती प्रदेशसँगको सहकार्यमा साहित्य संगम मकवानपुरले कविता प्रतियोगिता गर्ने भएको छ । युवा परिषद् सहयोगमा संगमले खुला कविता प्रतियोगिता गर्ने भएको हो ।

विषय खुला रहेको युवा लक्षित कविता प्रतियोगितामा ४० वर्ष मुनीका कविले मात्र भाग लिन पाउने भएका छन् । कविताका साथ उमेर खुल्ने आधिकारिक प्रमाणपत्र र व्यक्तिगत विवरण (बायोडाटा) आश्विन २२ गतेभित्र प्राप्त भइसक्नुपर्ने आयोजकले जनाएको छ ।

तोकिएको समयसिमा भित्र प्राप्त कवितामध्येबाट उत्कृष्ट २० छनोट गरिने छ । उत्कृष्ट २० मा पर्ने कविलाई अन्तिम प्रतियोगितामा सामेल गराइने संगमका सचिव मनोज पोखरेलले बताए । अन्तिम प्रतियोगितामा कविता वाचनको लागि कवि स्वयम् उपस्थित हुनुपर्ने पोखरेलले जानकारी दिए । प्रतियोगिताको मिति भने पछि तोकिने भएको छ ।

कविता बढीमा १५० शब्दसम्ममा लेखिएको, अन्यत्र (पत्रपत्रिका तथा सामाजिक सञ्जालमा) प्रकाशित नभएको तथा मौलिक हुनुपर्ने सूचनामा जनाइएको छ । कविता प्रतियोगितामा प्रथम हुने कविले ४० हजार, द्वितीय हुने कविले ३० हजार, तृतीय हुने कविले २० हजार र सान्त्वना हुने कविले १० हजार पुरस्कार प्राप्त गर्ने संगम अध्यक्ष डीबी बर्तौलाले जानकारी दिए ।

# प्रविधियुक्त सेवा विस्तारमा अग्रसर बन्दै राक्सिराङ




साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/ मकवानपुरको विकट मानिने राक्सिराङ गाउँपालिकाले आफ्ना सेवालाई प्रविधियुक्त बनाउँदै लैजाने भएको छ । स्मार्ट गाउँपालिका बनाउले लक्ष्यमा अघि बढेको गाउँपालिकाले विद्युतीय सुशासन प्रणालीमार्फत सेवालाई स्तरीय, छरितो र प्रविधियुक्त बनाउने भएको हो ।

राक्सिराङ गाउँपालिकाले तयार गरेको डिजिटल प्रोफाइल, मोवाइल एप्लिकेसनसहित विद्युतीय सुशासन प्रणालीलाई बृहतरुपमा कार्यान्वयन गर्ने उद्धेश्यका साथ गाउँपालिकाले सोमबार कर्मचारी र जनप्रतिनिधिलाई अभिकुखीकरण तथा प्रशिक्षण दिएको छ । गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्षसहित कर्मचारी र वडासचिवहरुलाई स्मार्ट पालिका बृहतरुपमा कार्यान्वयन गरी लागू गर्नका लागि सम्बन्धित सेवाप्रदायक संस्थाका विज्ञबाट अभीमुखीकरणर प्रशिक्षण दिइएको हो ।

गाउँपालिकाले तयार गरेको विद्युतीय सुशासन प्रणाली पूर्णरुपमा कार्यान्वयन हुँदासम्म विभिन्न दर्ता चलानीदेखि सिफारिस समेत सेवाग्राहीले अनलाइनमार्फत नै प्राप्त गर्न सक्नेछन् । ब्यक्तिगत घटना दर्तादेखि कर तथा राजस्व तिर्ने व्यवस्था पनि अनलाइनमार्फत नै हुनेछ । प्रशिक्षण कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष राजकुमार मल्लले सुशासन र प्रविधियुक्त गाउँ बनाउने अभियानमा आफूहरु रहेको बताए ।

स्मार्ट पालिकाको अवधारणाअनुरुप सेवाग्राहीले घरमै बसेर प्रविधिको प्रयोगमार्फत गाउँपालिकाको सेवा लिने अवस्था ल्याउन लागिएको उनले प्रष्ट पारे । कर्मचारी र जनप्रतिनिधि अब प्रविधिसँग अभ्यस्त र अपडेट हुनुपर्नेमा उनको जोड थियो । कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष वनस्तम थिङ, ३ नम्बर वडाध्यक्ष उत्तम वाइबालगायतले मन्तव्य व्यक्त गरेका थिए । सेवाप्रदायक संस्थाका तर्फबाट राजानन्द मान्डवीले गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीलाई प्रशिक्षण प्रदान गरेका थिए ।

# बालजागृति बोर्डिङमा विज्ञान र कारखाना किड्सको प्रदर्शनी



साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/ हेटौंडा उपमहानगरपालिका-२ मा रहेको बालजागृति ई. बोडिङ स्कुलको आयोजनामा सोमबार विद्यालय परिसरमा विज्ञान र कारखाना किड्सको प्रदर्शनी गरिएको छ ।

विद्यालयका ६, ७ र ८ कक्षामा अध्ययनरत सबै ३६८ जना विद्यार्थीले तयार पारेका सामाग्रीहरुको प्रयोगात्मक समेत गरेर देखाउँदै प्रदर्शनीमा राखेका थिए । विद्यार्थीको सीप, ज्ञान र क्षमतालाई समूहगत कार्यबाट काम गर्नका लागि प्रोत्साहित गर्ने उदेस्यले यो प्रदर्शनी गरिएको विद्यालयका प्रिन्सिपल बिनोद सुवेदीले जानकारी दिए ।

विद्यार्थीको प्रतिभा परिचान गरेर विद्यालयले आवस्यक लगानी गरेर यो कार्यक्रम गरेको हो । विद्यालयको चौरमा राखिएको प्रदर्शनीमा ९२ वटा फरकफरक प्रकारका सामाग्रीहरु तयार गरी विद्यार्थीले राखेका हुन् । विद्याथीले खोज र अनुसन्धानबाट तयार पारेर आफ्ना अभिभावक, आगन्तुक, शिक्षकलाई यसका बारेमा बुझाएका छन् । बालबालिकाका लागि अवसर प्रदान गरेर पढाइ र प्रयोगात्मक सिकाइलाई सँगसँगै लैजानका लागि सहयोग पुगेको प्रिन्सिपल सुवेदीले बताए ।

# जिल्लामा डेंगू संक्रमितको संख्या पाँचसय नाघ्यो

साझाकुरा संवाददाता



हेटौंडा, ८ असोज/ मकवानपुरमा गत साउन १ गतेदेखि डेंगू संक्रमितको संख्या निरन्तर वृद्धि भइरहेको छ । दुई महिना बढी समयमा डेंगू संक्रमितको कूल संख्या जिल्लामा ५०० नाघेको छ ।

जिल्लामा पछिल्लो २४ घण्टा अर्थात मंगलबार दिउँसोसम्म थप १६ जनामा डेंगू संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जानकारी दिएको छ । जिल्लामा संक्रमितको कूल संख्या ५११ पुगेको छ । स्वास्थ्य कार्यालयका अनुसार, पछिल्लो २४ घण्टामा गरिएको परीक्षणमा हेटौंडा उपमहानगरपालिकाका ११ जनाल मकवानपुरगढी गाउँपालिकाका एक जना र मनहरी गाउँपालिकाका ४ जनामा डेंगू संक्रमण पुष्टि भएको हो ।

जिल्लामा हालसम्म डेंगू संक्रमण पुष्टि भएकामध्ये सबैभन्दा धेरै संक्रमित हेटौंडा उपमहानगर पालिमा रहेका छन् । यहाँ ३५८ जनामा डेंगू संक्रमण पुष्टि भएको छ । यसैगरी, थाहानगरपालिकाका एक जना, मकवानपुरगढी गाउँपालिकाका ९ जना, बागमती गाउँपालिकाका २२ जना, मनहरी गाउँपालिकाका ४५ जना, इन्द्रसरोवर गाउँपालिकाका २ जना, भीमफेदी गाउँपालिकाका १२ जना, बकैया गाउँपालिकाका १५ जना र राक्सिराङ गाउँपालिकामा १ जनामा डेंगू संक्रमण पुष्टि भएको छ ।

यस्तै, यो अवधिमा हेटौंडामा अस्पतालमा ४० जना र अन्य जिल्लाका ६ जनामा संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । त्यस्तै, यो अवधिमा जिल्लामा डेंगू संक्रमणका कारण एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा हेटौंडा उपमहानगरपालिका-१३ का एक जना पुरुष रहेका छन् ।


## राक्सिराङ्ग गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
चैनपुर, मकवानपुर
बागमती प्रदेश,नेपाल

## ठेक्का स्वीकृत गर्ने आशयको सूचना

*प्रकाशित मिति :२०८०/०६/०९*

यस कार्यालयद्वारा प्रकाशित तपशिल बमोजिमको बोलपत्र आव्हानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये न्युनतमअकं मूल्याङ्कित भई सारभूतरुपमा प्रभावग्राही तपशिलको बोलपत्रस्वीकृतिको लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ ।

*तपशिल:*

| सि.नं. | ठेक्का विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मू.अ. कर र पि.एस सहित) |
|---|---|---|---|
| १. | PRO/RAK/NCB/02-080/81 Chainpur Bagmara Maintar Sunarisaura Sanobhabar Newarpani Road Construction Works | M/S B.M.A./VISION JV Hetauda-11, Makawanpur | रु. १,३१,१९,५४७।३७ |

प्रमुख प्रशासकीय अधिकृत



## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति २०८०/०६/०८ मा जारी भएको मोही लगत कट्टीको
## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला मकवानपुर, साविक कटुन्जे गाविस वडा नंबर ८ को कि.नं. १९३ को क्षेत्रफल ज.रो. ८-४-१-२ जग्गाको जग्गाधनी सेते स्याङ्तानको अविबाहित अवस्थामै मिति २०६२/०९/१० मा मृत्यु भएको, जग्गाधनीको बाबु/आमा लाल बहाद्दुर स्याङ्तान र सेती माया स्याङ्तानको पनि क्रमश मिति २०३३/१२/१७ र २०१५/०९/१६ मा मृत्यू भएको, जुम्गाधनीको बाजे सेरमान स्याङ्तानको पनि मिति २०००/१/१७ मा मृत्यू भएको, बजै कालीमाया स्याङ्तानको मिति २०००/११/१३ मा मृत्यू भएको, जग्गाधनी बाजेको २ छोराहरु भएकोमा जेठो जग्गाधनीको बाबु र कान्छो छोरा जग्गाधनीको काका गोरे स्याङ्तान भएको र गोरे स्याङ्तानको पनि मिति २०११/३/१५ मा र गोरेको पत्नी बिमला स्याङ्तानको पनि मिति २०३०/१/१७ मा मृत्यू भएको, हाल जग्गाधनीको हकदारमा जग्गाधनीको काका गोरे स्याङ्तानको एकमात्र छोरा विर बहादुर स्याङ्तान भएकले उल्लेखित जग्गा मेरो नाममा एकलौटी नामसारी गराइपाउँ भनि निवेदक बिर बहादुर स्याङ्तानले राक्सिराङ गाउँपालिका १ नंवर वडा कार्यालयको च.न. २१० मिति २०७७/०९/०६ को सिफारिस लगाएतको कागजातहरु संलग्न राखि मागदावी निवेदन पेश गर्नु भएकोमा वडा कार्यालयको सिफारिस सहित मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा जग्गाधनीको अविवाहित अवस्थामै मृत्यू भएको, जग्गाधनीको बाबु/आमाको मृत्यू भैसकेको देखिएको हुँदा जग्गाधनीको निवेदक बाहेकका अन्य हकदारहरु, जग्गाधनीको पालनपोषण/सदगद तथा जग्गाको हकभोगको सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकासित गरी सूचना टाँसको जानकारी तथा सूचना प्रकासित भएको पत्रिका प्राप्त भई म्याद भूक्तान भए पछी पेश गर्नू भनी आदेश भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: निवेदकको माग दावी सत्य नभई झुठा भए वा जग्गाधनीको हकदारहरु अरु कोहि भए वा **जग्गाधनीको विवाह भएको भए वा जग्गाधनीको पालन पोषन अरुलेनै गरेको भए वा उल्लेखित जग्गामा अरु कोहि कसैको हकभोग भएको भए वा निवेदकको माग बमोजिम नामसारी हुन/गर्न नहुने कुनै कारण भए** यो सूचना प्रकाशित/जारी भएको मितिले **पैंतीस दिन** भित्र **मालपोत कार्यालय मकवानपुर**मा स-प्रमाण दाबी- उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ। पछि कुनै उजुरबाजुर लाग्ने छैन ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना